कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र सञ्चालित र नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्र प्राप्त


रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड (Reliance Spinning Mills Limited)
रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा.वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं ।
फोन न : ०१-५३४१८५३, ०१-५३२६०८१
इमेल : info@reliancespinningnepal.com,
वेभसाइट : www.reliancespinningnepal.com


नेपाल धितोपत्र बोर्डको पत्रसंख्याः म.वै.सु.शा.२०८२/८३ चलानी नं. ११९२ मिति २०८२/०८/१६ गतेको पत्रबाट निर्देशन भए अनुसार सम्मानित उच्च अदालत पाटनको परमादेशको आदेश (मुद्दा नं.०८१-WO-२२२१) बमोजिम यस अघि नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/१२ मा रिलायन्स स्पिनिङ्ग मिल्स लि. को विवरणपत्र स्वीकृत भई सर्वसाधारणमा शेयरको सार्वजनिक निष्कासन गर्ने प्रयोजनार्थ मिति २०८१/०३/१९ मा निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनीको आधिकारिक वेभसाइटमा प्रकाशित विवरणपत्र/आह्वानपत्र पुनः प्रकाशित गरिएको र कम्पनीको पछिल्लो प्राविधिक, वित्तीय, व्यवस्थापन लगायत अन्य कामकारवाहीको सम्बन्धमा लगानीकर्ताहरुलाई अद्यावधिक जानकारी तथा सु-सुचित गराई लगानी सम्बन्धी निर्णय लिन सहज होस् भन्ने हेतुले सो सम्बन्धमा यसै विवरणपत्रको पछाडिपट्टि छुट्टै खण्डमा राखिएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं ।
फोनः ९७७-०१-५९७०१३८ फ्याक्स नं. : ४५४५७०२
इमेल : info@gicl.com.np
वेभसाइट : www. globalimecapital.com

**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र सञ्चालित र**
**नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्र प्राप्त**

# रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड
# Reliance Spinning Mills Limited

**रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा.वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं ।**
**फोन न : ०१-५३४१८५३, ०१-५३२६०८१**
**इमेल : info@reliancespinningnepal.com, वेभसाइट : www.reliancespinningnepal.com**

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ र बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १० अन्तर्गत प्रकाशित)

## को विवरणपत्र

कम्पनीको जारी पूँजी रु.१,९०,००,००,०००।-(अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १३ बमोजिम बुक विल्डिङ्ग विधि मार्फत प्रथम चरणमा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा दर्ता (नविकरण समेत) भएका योग्य संस्थागत लगानीकर्ता कम्पनीहरुलाई बोलकबोल प्रणाली मार्फत निष्काशन तथा बिक्री खुल्ला गरी बाँडफाँट गरिएकोमा प्रति शेयर रु.९१२।०० को दरमा उक्त ७,७०,६४० कित्ता शेयर सम्पूर्ण बिक्री भई कट अफ मूल्य रु.९१२।०० निर्धारण भएकोले सोही निर्देशिकाको दफा (१४) मा सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्काशन गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुसार कायम हुन आउने प्रति शेयर मूल्य रु.८२०।८० को दरमा सार्वजनिक निष्काशन गरिने ११,५५,९६० (एघार लाख पचपन्न हजार नौ सय साठी मात्र) कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात १,१५,५९६ (एक लाख पन्ध्र हजार पाँच सय छयानब्बे मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि, ५ प्रतिशत अर्थात ५७,७९८ (सन्ताउन्न हजार सात सय अन्ठानब्बे मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि र ५ प्रतिशत अर्थात ५७,७९८ (सन्ताउन्न हजार सात सय अन्ठानब्बे मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि निष्काशन गरी बाँकी रहने ९,२४,७६८ (नौ लाख चौविस हजार सात सय अठसट्ठी मात्र) कित्ता साधारण शेयर अन्य सर्वसाधारणको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा बुकविल्डिङ्ग निर्देशिका २०७७ को अधिनमा रही यसै विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिएको छ ।

कथंकदाचित वैदशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि निष्काशन गरिएको शेयर सम्पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा बाँकि रहेको शेयर समेत सर्वसाधारणमा समायोजन गरी निष्काशन गरिनेछ ।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | आ.व.०८०/८१ चैत्र मसान्त (अपरिष्कृत)* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ |
| प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.) | १६६।८३ | १८७।७१ | २४२।०५ | २२३।५९ | २१२।११ | २२५।१२ | २५९।१५ |
| प्रति शेयर नेटवर्थ (विद्युत महसुलको दायित्व गणना गर्नु पर्दाको अवस्थामा) (रु.)** | | | | १७९.४५ | १७२.४४ | १८५.४६ | २१९.४९ |
| प्रति शेयर आम्दानी (रु.) | ५३।९१ | ६१।१२ | ५४।३४ | ३।०८ | २।४३ | ३३।०२ | ५४।०३ |
| सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा) | ४३,५२,६३१# | ४७,०८,९५९# | ५६,३६,७८०# | ५३,२१,६३६# | ६८,००,५१७@ | ७०,४७,८५१@ | ७६,९४,४४९@ |

नोट : आ.व. २०७७/०७८ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।

*आ.व. २०८०/०८१ चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित भएको छ ।

**नेपााल बिद्युत प्राधिकरणको प.स.२०८०/०८१,चं.नं १७७१,मिति २०८१/०३/०९ गतेको पत्रानुसार विद्युत महसुल बापतको रकम रु.७५,३६,८४,३३५।-घटाई नेटवर्थ गणना गरिएको छ ।

#आर्थिक वर्षहरु क्रमश: ०७७/७८, ०७८/७९, ०७९/८० को वास्तविक तथा आ.व. ०८०/८१ को चैत्र मसान्तसम्मको अपरिष्कृत विवरणमा पुर्नमूल्याङ्कन जगेडा समावेश गरिएको ।

@आर्थिक वर्षहरु क्रमश: ०८०/८१, ०८१/८२ र ०८२/८३ को प्रक्षेपित विवरणमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम सहितको विवरण समावेश गरिएको ।

## प्रति शेयर अंकित मूल्य रु.१००।- दरको

**बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) को उपदफा (१) बमोजिम बोलकबोल प्रणाली मार्फत आवेदन दिने योग्य संस्थागत लगानीकर्ताहरुलाई ७,७०,६४० (अक्षरेपी सात लाख सत्तरी हजार छ सय चालिस मात्र) कित्ता शेयर मिति २०८०/१०/१४ गते नेपाल स्टक एक्सचेञ्ज लि.मा बाँडफाँट गर्दा कट अफ मूल्य रु.९१२।०० निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम कट अफ मुल्यमा १० प्रतिशत छुट दिंदा कायम हुन आउने प्रति शेयर मूल्य रु.८२०।८० का दरले दरखास्त साथ शत्प्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य जनाउने हुँदा यस विवरणपत्रको दफा ग (८) पेज नं. २३ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमनकारी निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा कम्पनीको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट **Issuer Rating** गराईएको र कम्पनीले **"[CARE-NP A – (Is)" [Single A Minus (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[CARE-NP A – (Is)" [Single A Minus (Issuer)]"** ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा **"CARE-NP AAA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ ।

**इस्युअर रेटिङ्ग प्रदान गरेको मिति** : २०७९/०८/२२ (तदनुसार डिसेम्बर ०८, २०२२) **बहाल रहने अवधि:** २०८१/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२४)

**यस कम्पनीका संस्थापक तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्य र सञ्चालकहरुले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

**यस विवरणपत्र मार्फत कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री गर्न वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न पाइने छैन ।**

**सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।**

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८१/०३/१२ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति :२०८१/०३/१६

धितोपत्र खुल्ला हुने मिति : २०८२/०८/२२ धितोपत्र बन्द हुने मिति (छिटोमा) :२०८२/०८/२५ धितोपत्र बन्द हुने मिति (ढिलोमा) :२०८२/०९/०७

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं ।
फोन: ९७७-०१-५९७०१३८ फ्याक्स नं. ४५४५७०२
Email: info@gicl.com.np; Web: www globalimecapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ख) **"कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडलाई सम्झनु पर्दछ ।

(ग) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(घ) **"संगठित संस्था"** भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानुन बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ ।

(ङ) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडका पदाधिकारीहरु लगायत कर्मचारीहरु सम्झनु पर्दछ ।

(च) **"निष्काशन बैंक"** भन्नाले यस निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) **"संस्थापक"** भन्नाले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडका संस्थापकलाई सम्झनु पर्दछ ।

(झ) **"सञ्चालक"** भन्नाले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको सञ्चालकलाई सम्झनु पर्दछ ।

(ञ) **"कार्यकारी प्रमुख"** भन्नाले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको प्रबन्ध सञ्चालकलाई सम्झनु पर्दछ ।

(ट) **"व्यवस्थापन"** भन्नाले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ठ) **"विवरणपत्र"** भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि ऐनको दफा (३०) बमोजिम प्रकाशन गर्नुपर्ने विवरणपत्र सम्झनु पर्दछ ।

(ड) **"बुक बिल्डिङ्ग विधि"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७४ को नियम २५ (ग) तथा बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य निर्धारण गरिने विधि वा प्रक्रियालाई जनाउँछ ।

(ढ) **"योग्य संस्थागत लगानीकर्ता"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ (ग) को उपनियम (५) बोर्डबाट स्वीकृत प्राप्त संस्था सम्झनु पर्छ ।

(ण) **"कट अफ मूल्य"** भन्नाले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोल मार्फत निष्काशित सम्पूर्ण धितोपत्र बिक्री हुँदा कायम हुन आउने बोलकबोल मुल्य जनाउँछ ।

(त) **"वित्तीय विवरण"** भन्नाले संगठित सस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउदँछ ।

(थ) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पूनर्मूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकि स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

(द) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

(ध) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउदँछ ।

(न) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(प) **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता २५ करोड भन्दा कम भएको हकमा ५ प्रतिशत र २५ करोड भन्दा बढि भएको हकमा १ प्रतिशतभन्दा बढी साधारण शेयर धारण गरेका शेयरधनीलाई सम्झनु पर्दछ ।

(फ) **"नगद प्रवाह"** भन्नाले आयोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा एमोर्टाइजेसन जोडी कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी-चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

(व) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूभि (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी क्रमशः आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई ब्यालेन्स् फण्ड-१ र प्रभु क्यापिटल लि.लाई सम्झनुपर्छ ।

(भ) **"विप्रेषण (रेमिटचान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटचान्स) बचत खाता सम्झनु पर्दछ ।

**ख.२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**
**विवरणपत्र हेर्ने तथा प्राप्त गर्न सक्ने स्थान**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | वेभसाइट |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी :** श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, गणेशस्थान, कमलादी, काठमाण्डौं । | www.reliancespinningnepal.com |
| २. | **निष्काशन तथा बिक्री प्रबन्धक :** श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं । | www.globalimecapital.com |
| ३. | **नियामक निकाय :** श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर । | www.sebon.gov.np |

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :** |
|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. द्वारा सञ्चालित सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**(ग) १.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकलाई निष्काशनकर्ता कम्पनी रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" र बुक विल्डिङ्ग निर्देशिका, २०७७ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**(ग) २. संगठित संस्थाको उद्घोषण :**

**(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७९/०८० सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको पत्र संख्याः ८०/८१, चलानी नम्बर : २५८३१ मिति २०८०/०८/१७ गतेको निर्णयानुसार यस कम्पनीको आ.व.२०७९/०८० सम्मको लागि अद्यावधिक गरेको छ ।

**(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीका संस्थापक, सञ्चालक र कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क.संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संगठित संस्थाको नाम :** रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड **(Reliance Spinning Mills Limited)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) काठमाण्डौ महानगरपालिका वडा नं. २८, गणेशस्थान कमलादी, काठमाण्डौंमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिने छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय का.म.न.पा.वडा नं. २८, गणेशस्थान, कमलादी, काठमाण्डौंमा रहेको छ । यस कम्पनीको मुल उद्योग 'ए' ईटहरी उप-महानगरपालिका वडा नं. १२, खनार, सुनसरी र शाखा उद्योग 'बि' दुहवि नगरपालिका वडा नं. ४, दुहाबि, सुनसरीमा रहेको छ ।

**(ङ)** संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

**कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड मिति २०५१/०१/२८ गते कम्पनी दर्ता नं. ६२/५०/५१ कम्पनी रजिष्ट्रारको कार्यालयमा लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०५२/०५/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार सञ्चालनको ईजाजत प्राप्त गरी कम्पनीलें आफ्नो कारोबार निरन्तर सञ्चालन गर्दै आइरहेको छ ।

(२) आधुनिक प्रविधिले सुसज्जित विभिन्न किसिमका धागोहरु उत्पादन गर्ने उद्देश्य उल्लेख भई मुल उद्योग 'ए' को रुपमा यस कम्पनीले मिति २०५१/१२/०६ गते उद्योग विभागबाट मुल उद्योग 'ए' को रुपमा उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १८८२/०५१) प्राप्त गरेको छ । यस कम्पनीको प्यान रजिष्ट्रेशन नं.३०००१६३१२ रहेको छ । साथै शाखा उद्योग 'बि' को रुपमा (उद्योग दर्ता नं.१६००।१४।०६९।७०) मित २०६९/०४/०९ गते उद्योग विभागबाट अनुमति लिई कार्य सञ्चालन गर्दै आएको छ ।

(३) कम्पनीले सुनसरी जिल्लाको ईटहरी उपमहानगरपालिका वडा नं. १२, खनारमा मुल उद्योग 'ए' र दुहवि नगरपालिका वडा नं. ४, दुहाबिमा शाखा उद्योग 'बि' सञ्चालन गरिरहेको छ ।

(४) कम्पनीले मुल उद्योग 'ए' को उत्पादन क्षमता तथा पूँजी वृद्धि सम्बन्धमा उद्योग विभागबाट मिति २०७७/०८/२६ गते पूँजी तथा क्षमता अभिवृद्धि गर्ने अनुमति प्राप्त गरेको छ । संशोधित क्षमता अनुसार कम्पनीको उत्पादनलाई विविधिकरण गरी नयाँ उत्पादन Cotton Yarn ६,३०० मे.टन र Viscose/Synthetic Yarn/ Allo ६,३०० मे.टनको थप क्षमता वृद्धि गरेको छ । साथै वार्षिक क्षमता १६,५६० मे.टन थप पश्चात गई उद्योगको उत्पादन क्षमता प्रति दिन १८२ मे.टन तथा वार्षिक क्षमता ६५,५२० मे.टन पुग्ने प्रक्षेपण गरिएको छ । त्यसैगरी विद्युत शक्तिलाई समेत २३,००० केभीए पुऱ्याइएको छ ।

(५) कम्पनीले विश्वका प्रतिष्ठित टेक्सटायल मेशिनरी म्यानुफ्याक्चर्स कम्पनीहरु जस्तैः LMW, Savio, Schlafhorst/Saurer, Veejay Lakshmi, Peass, Mylon, Murata & Aalidhra Textool ले प्रयोग गर्ने उच्च प्रविधियुक्त स्पिनिङ्ग प्लान्टबाट धागोको उत्पादन गरिरहेको छ ।

(६) रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड नेपालको धागो उत्पादन गर्ने उद्योगहरुमध्ये सबै भन्दा ठूलो उत्पादन तथा ठूलो रोजगारदाता उद्योगको रुपमा रहेको छ । कम्पनीले आफ्नो उत्पादनको ७०–७५ प्रतिशत भन्दा बढी उत्पादनहरु भारत, टर्की, भियतनाम, यू.के. लगायतका विभिन्न मुलुकहरुमा निर्यात गर्दै आएको छ । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट यस कम्पनीका अध्यक्ष श्री पवन कुमार गोल्याण र युवा प्रबन्ध सञ्चालक श्री अक्षय गोल्याणज्यूलाई निर्यात व्यापारको क्षेत्रमा सबै भन्दा बढि निकासी गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याए बापत मिति २०७६/१०/२८ गते महत्वपूर्ण व्यवसायिक व्यक्ति अवार्डबाट समेत सम्मानित गरिएको छ । त्यसैगरी विभिन्न अर्न्तराष्ट्रिय ख्याति प्राप्त संस्थाहरु, HOHENSTEIN Textile Testing Institute GmbH & Co. KG, Schlosssteige 1, Bonnigheim, Germany र CU Inspections & Certifications India Pvt. Ltd., India बाट उच्च गुणस्तरीय उत्पादन गरे बापत अर्न्तराष्ट्रियस्तरको प्रमाणपत्र प्राप्त गर्न सफल भएको हो । साथै, हालै मात्र यस कम्पनीलाई धागोको उच्च गुणस्तरका लागि भारत सरकारबाट इण्डियन स्टान्डर्ड (BIS) प्रमाणपत्र समेत प्राप्त गर्न सफल भएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा (४) अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

(१) आधुनिक प्रविधिले सुसज्जित विभिन्न किसिमको धागोहरु बनाउने कारखानाको स्थापना गरी आवश्यकता अनुसार विभिन्न थरीका धागोहरु उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने मुख्य उद्देश्य हो ।

(२) यस कम्पनीले देशभित्र विभिन्न किसिमको कपडाहरु उत्पादन (तयार) गर्ने, कारखानाहरुको कच्चा पदार्थ धागोको आवश्यकतालाई ध्यानमा राखी विभिन्न थरीका धागोहरु उत्पादन गर्ने उद्देश्य अनुरुप उनि धागो, सुति धागो, पोलिष्टर धागो, एक्रेलिक धागो, भिस्कोस धागो, अल्लोको धागो तथा एक अर्को सँग मिश्रण गरी अन्य विभिन्न रङमा रंगाउने र त्यस सम्बन्धी आवश्यक थप गर्नु पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।

(३) देशको आर्थिक समुन्नतिको निमित्त औद्योगिकरण गर्दै जाने, बेरोजगारी हटाई रोजगारीको अभिवृद्धि गर्ने, आयात प्रतिस्थापन तथा निर्यात मुलक उद्योगको स्थापना गर्ने उद्देश्य अनुरुप मानविय जीवनको अति आधारभुत आवश्यकता मध्ये एक पर्ने कपडा उद्योगहरुलाई आवश्यक पर्ने मुख्य कच्चा पदार्थको रुपमा प्रयोग हुने विभिन्न किसिमका धागोहरु उत्पादन गरी रंगाई स्वदेशमा बिक्री वितरण गर्नुको साथै भारत तथा तेश्रो मुलुकमा समेत निर्यात गरी विदेशी मुद्राको आर्जन गर्नु तथा आयात प्रतिस्थापक उद्योगको स्थापना, विकास विस्तार गर्ने गराउने ।

(४) कम्पनीको उत्पादित धागोहरुको गुणस्तर कायम राख्न तथा अझ गुणस्तर बढाउन प्रयोगशालाको स्थापना गर्ने, विकास गर्ने, विस्तार गर्ने तथा तत्सम्बन्धी गर्नुपर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।

(५) कम्पनीको लागि आवश्यक कच्चा पदार्थहरु स्वदेश, भारत तथा तेश्रो मुलुकबाट आवश्यकता अनुसार खरीद गर्ने, आयात गर्ने वा गर्न लगाउने ।

(६) यस कम्पनीको आवश्यकता अनुसार सम्बन्धित विभागको स्वीकृति लिई कम्पनीको उत्पादनलाई टेवा पुऱ्याउने अन्य सहायक कम्पनीहरुको स्थापना गर्नुको साथै विकास विस्तार गर्ने गराउन सक्ने छ ।

(७) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गर्नेछ ।

(८) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिनभित्र त्यस्तो अनुमति तथा इजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**उद्योगको प्रस्तावित परियोजना (युनिट सी) को NPV, IRR, Payback Period, Discounted Period को गणना निम्नानुसार रहेको छ :**

| रिलायन्स स्पिनिङ्ग मिल्स लि. (युनिट सी) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | (रु. हजारमा) | | | | |
| आर्थिक वर्ष | लगानी | कर पछिको आम्दानी | ह्रासकट्टी | व्याज | खुद नगद प्रवाह | सञ्चय नगद प्रवाह | PVF @ 10.50 % | खूद नगद प्रवाह ( छुट सहित) | सञ्चत नगद प्रवाह (छुट सहित) | लगानी फिर्ता गणना | | | |
| ० | (५,२५०,०००) | | | | (५,२५०,०००) | (५,२५०,०००) | १.०० | (५,२५०,०००) | (५,२५०,०००) | (५,२५०,०००) | | (५,२५०,०००) | |
| १ | | ३४७,०३० | १७२,०५० | २६२,६०७ | ७८१,६८७ | (४,४६८,३१३) | ०.९० | ७०३,५१८ | (४,५४६,४८२) | ५१९,०८० | (४,७३०,९२०) | ४६७१७२ | (४,७८२,८२८) |
| २ | | ४२७,७०५ | २८६,७५० | ४६२,३५३ | १,१७६,८०८ | (३,२९१,५०५) | ०.८२ | ९६४,९८३ | (३,५८१,४९९) | ७१४,४५५ | (४,०१६,४६५) | ५८५८५३ | (४,१९६,९७५) |
| ३ | | ४८०,१८३ | २८६,७५० | ४७२,९५८ | १,२३९,८९१ | (२,०५१,६१४) | ०.७४ | ९१७,५१९ | (२,६६३,९८०) | ७६६,९३३ | (३,२४९,५३२) | ५६७५३० | (३,६२९,४४५) |
| ४ | | ५०३,०१३ | २८६,७५० | ४४४,६०८ | १,२३४,३७१ | (८१७,२४३) | ०.६७ | ८२७,०२९ | (१,८३६,९५१) | ७८९,७६३ | (२,४५९,७६९) | ५२९१४१ | (३,१००,३०४) |
| ५ | | ५५१,४८१ | २८६,७५० | ३८६,८५८ | १,२२५,०८९ | ४०७,८४६ | ०.६१ | ७४७,३०४ | (१,०८९,६४७) | ८३८,२३१ | (१,६२१,५३८) | ५११३२१ | (२,५८८,९८३) |
| ६ | | ६०९,०६५ | २८६,७५० | ३१८,६०८ | १,२१४,४२३ | १,६२२,२६९ | ०.५५ | ६६७,९३३ | (४२१,७१४) | ८९५,८१५ | (७२५,७२३) | ४९२६९८ | (२,०९६,२८५) |
| ७ | | ६७५,७२७ | २८६,७५० | २३९,९०१ | १,२०२,३७८ | २,८२४,६४७ | ०.५० | ६०१,१८९ | १७९,४७५ | ९६२,४७७ | २३६,७५४ | ४८१२३९ | (१,६१५,०४६) |
| ८ | | ७४६,८७६ | २८६,७५० | १५५,९८७ | १,१८९,६१३ | ४,०१४,२६० | ०.४५ | ५३५,३२६ | ७१४,८०१ | १,०३३,६२६ | १,२७०,३८० | ४६५१३२ | (१,१४९,९१४) |
| ९ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ५,१८४,२१९ | ०.४१ | ४७९,६८३ | १,१९४,४८४ | १,१६९,९५९ | २,४४०,३३९ | ४७९६८३ | (६७०,२३१) |
| १० | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ६,३५४,१७८ | ०.३७ | ४३२,८८५ | १,६२७,३६९ | १,१६९,९५९ | ३,६१०,२९८ | ४३२८८५ | (२३७,३४६) |
| ११ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ७,५२४,१३७ | ०.३३ | ३८६,०८६ | २,०१३,४५५ | १,१६९,९५९ | ४,७८०,२५७ | ३८६०८६ | १४८,७४० |
| १२ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ८,६९४,०९६ | ०.३० | ३५०,९८८ | २,३६४,४४३ | १,१६९,९५९ | ५,९५०,२१६ | ३५०९८८ | ४९९,७२८ |
| १३ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ९,८६४,०५५ | ०.२७ | ३१५,८८९ | २,६८०,३३२ | १,१६९,९५९ | ७,१२०,१७५ | ३१५८८९ | ८१५,६१७ |
| १४ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | ११,०३४,०१४ | ०.२५ | २९२,४९० | २,९७२,८२२ | १,१६९,९५९ | ८,२९०,१३४ | २९२४९० | १,१०८,१०७ |
| १५ | | ८८३,२०९ | २८६,७५० | - | १,१६९,९५९ | १२,२०३,९७३ | ०.२२ | २५७,३९१ | ३,२३०,२१३ | १,१६९,९५९ | ९,४६०,०९३ | २५७३९१ | १,३६५,४९८ |
| १५* | | १४,०३९,५०८ | | | १४,०३९,५०८ | २६,२४३,४८१ | ०.२२ | ३,०८८,६९२ | ६,३१८,९०५ | १४,०३९,५०८ | २३,४९९,६०१ | ३०८८६९२ | ४,४५४,१९० |
| कूल वर्तमान मूल्य | | | | | | | | ६,३१८,९०५ | | | | | |

*** Terminal Value = Final NPAT (1+g) / (Ke-g)**

| | |
|---|---|
| **डिस्काउट दर** | १०.५०% |
| **वृद्धि दर** | २.००% |
| **कूल वर्तमान मूल्य (NPV) (रु. हजारमा)** | ६३,१८,९०५ |
| **परियोजनाको आन्तरिक प्रतिफल दर (IRR)** | २२.६८% |
| **लगानी फिर्ता हुने अवधि (बर्ष) (Pay Back Period)** | ६.७५ |
| **डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (बर्ष) (Discounted Pay Back Period)** | १०.६१ |

**संस्थाले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताको संक्षिप्त विषयवस्तु तथा सम्झौता बहाल रहने अवधि खुल्ने विवरण :**

संस्थाले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताको संक्षिप्त विषयवस्तु तथा सम्झौता बहाल रहने अवधि देहाय अनुसार रहेको छ :

| सम्झौताको संक्षिप्त विषयवस्तु | विवरण | सम्झौता बहाल रहने अवधि |
|---|---|---|
| बिक्री एजेन्ट नियुक्ती | कम्पनीबाट उत्पादित धागो निर्यात गर्नका लागि हालसम्म भारतस्थित विभिन्न २० वटा बिक्री एजेन्टसँग Sales Commission Agreement गरी सो सम्झौता नेपाल सरकार, उद्योग विभागबाट स्वीकृति गरिएको । | नेपाल सरकार, उद्योग विभागबाट मिति २०७७/१०/०७ र मिति २०७९/०८/१८ मा स्वीकृत भएको र सम्झौताको समयावधि ४ वर्षदेखि ५ वर्ष रहेको छ । |
| बिक्री एजेन्ट नियुक्ती | कम्पनीबाट उत्पादित धागो निर्यात गर्नका लागि भारत एजेन्सी कम्पनीहरु क्रमशः M/s Mahadev Agency, Gorakhpur, Uttar Pradesh र M/s Goyal Infinity Yarns, Ludhiana, Punjab सँग बिक्री तथा व्यापार प्रवर्द्धन गर्नका लागि Service Agreement गरी सो सम्झौता नेपाल सरकार, उद्योग विभागबाट स्वीकृति गरिएको । | नेपाल सरकार, उद्योग विभागबाट मिति २०७९/१२/२१ देखि पाँच (५) वर्षका लागि स्वीकृत गरिएको छ। |

**संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि खुल्ने विवरण :**

संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत,स्वीकृति/अनुमति/ईजाजतपत्रको संक्षिप्त विषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि समेत खुल्ने विवरण देहाय अनुसार रहेको छ :

| विभिन्न नियामक निकाय | स्वीकृति/अनुमति/ईजाजतपत्रको संक्षिप्त विषयवस्तु | ईजाजतपत्र प्राप्त मिति (वि.सं.मा) | बहाल रहने अवधि |
|---|---|---|---|
| कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता | २०५१/०१/२८ | - |
| उद्योग विभाग | उद्योग दर्ता | २०५१/१२/०६ (मूल उद्योग) २०६९/०४/०९ (शाखा उद्योग वि) | - |
| उद्योग विभाग | ट्रेडमार्क दर्ता प्रमाणपत्र (Reliance को लोगों) | २०५२/१०/२८ | २०८७/१०/२७ |
| आन्तरिक राजश्व विभाग | पान नं. दर्ता | २०५४/०८/०१ | - |
| भन्सार विभाग | वण्डेड वेयर हाउसको ईजाजतपत्र | २०६१/०६/२० | प्रत्येक आ.व.को अन्त्यमा नविकरण गर्नुपर्ने । |
| उद्योग विभाग | ट्रेडमार्क दर्ता प्रमाणपत्र (SAYAPATRI)(WORD) (धागोमा लगाउने) | २०६४/०८/०७ | २०८५/०८/०६ |
| उद्योग विभाग | ट्रेडमार्क दर्ता प्रमाणपत्र (RELIANCE CO LALIGURAS) (WORD) (धागोमा लगाउने) | २०६४/१०/०८ | २०८५/१०/०७ |
| उद्योग विभाग | ट्रेडमार्क दर्ता प्रमाणपत्र (Infinite) (धागोमा लगाउने) | २०८०/०६/०६ | २०८७/०६/०५ |

| | | | |
|---|---|---|---|
| भन्सार विभाग | आयात निर्यात गर्न ईजाजतपत्र (EXIM Code) | २०७४/०२/२५ | प्रत्येक आ.व.को अन्त्यमा नविकरण गर्नुपर्ने । |

**प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख सम्बन्धी विवरण :**

संस्थाले प्रबन्धपत्र नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधारणसभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख भएको विस्तृत विवरण देहाय अनुसार रहेको छ :

**(क) प्रबन्धपत्रतर्फ :**

| क्र.सं. | हालसम्म भएको संशोधन/ सम्बन्धित दफा | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नम्बर/मिति | संशोधन स्वीकृत गर्ने साधारणसभा/ विशेष साधारण सभाको मिति (वि.सं.मा) | अभिलेख भएको कार्यालय र मिति (वि.सं.मा) |
|---|---|---|---|---|---|
| १. | २ वटा/दफा ङ (३) र दफा (च) | जारी पूँजी वृद्धि र शेयर स्वामित्व बाँडफाँट प्रतिशत | २०५३/०६/२५ निर्णय नं. २० | २०५३/१०/२४ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५४/०५/१५ |
| २. | २ वटा/दफा ङ (२) र ङ (३) | पूँजी वृद्धि | – | २०५५/०४/२७ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५५/०९/२३ |
| ३. | २ वटा/दफा ङ (३) र दफा (च) | पूँजी वृद्धि र शेयर स्वामित्व बाँडफाँट प्रतिशत | – | २०५७/०९/२० | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५८/०३/१२ |
| ४. | १ वटा/दफा ङ (३) | पूँजी वृद्धि | – | २०५८/०३/२९ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५८/०८/२६ |
| ५. | २ वटा/दफा ङ (२) र ङ (३) | पूँजी वृद्धि | – | २०६१/०१/१५ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६१/०४/०४ |
| ६. | २ वटा/दफा ख(२) र ङ (३) | कार्यालय रहने ठेगाना र जारी पूँजी वृद्धि | – | २०६८/११/२३ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६९/०२/०५ |
| ७. | १ वटा/दफा ङ (४) थप | अग्राधिकार शेयर सम्बन्धी व्यवस्था | – | २०६९/११/१५ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६९/१२/०२ |
| ८. | १ वटा/दफा ख (१) | कार्यालय रहने ठेगाना | – | २०७४/०६/०६ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०७४/०७/२२ |
| ९. | प्रबन्धपत्र पुर्नलेखन | कम्पनी ऐन, २०६३ को ढाँचामा प्रबन्धपत्र पुर्नलेखन/जारी तथा चुक्ता पूँजी वृद्धि | २०७७/१२/१० निर्णय नं. ३१८ (क) | २०७८/०१/०९ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०७८/०३/१५ |

(ख) नियमावलीतर्फ :

| क्र.सं. | हालसम्म भएको संशोधन/ सम्बन्धित नियम | संशोधनको विषय | सञ्चालक समितिको निर्णय नम्बर/मिति | संशोधन स्वीकृत गर्ने साधारणसभा/ विशेष साधारण सभाको मिति (वि.सं.मा) | अभिलेख भएको कार्यालय र मिति (वि.सं.मा) |
|---|---|---|---|---|---|
| १. | २ वटा/नियम ५ (ख) र ७ (क) | जारी पूँजी वृद्धि र शेयर स्वामित्व बाँडफाँट प्रतिशत | २०५३/०६/२५ निर्णय नं. २० | २०५३/१०/२४ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५४/०५/१५ |
| २. | २ वटा/नियम ५ (क) र ५ (ख) | पूँजी वृद्धि | – | २०५५/०४/२७ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५५/०९/२३ |
| ३. | ३ वटा/नियम ५ (ख), नियम ७ (क) र नियम ३५ | पूँजी वृद्धि, शेयर स्वामित्व बाँडफाँट प्रतिशत र सञ्चालक समिति गठन । | – | २०५७/०९/२० | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५८/०३/१२ |
| ४. | १ वटा/नियम ५ (ख) | जारी पूँजी वृद्धि | – | २०५८/०३/२९ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०५८/०८/२६ |
| ५. | २ वटा/नियम ५ (क) र ५ (ख) | पूँजी वृद्धि | – | २०६१/०१/१५ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६१/०४/०४ |
| ६. | २ वटा/नियम २ र ५ (ख) | कार्यालय रहने ठेगाना र जारी पूँजी वृद्धि | – | २०६८/११/२३ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६९/०२/०५ |
| ७. | १ वटा/नियम ७ (घ) (क) थप | अग्राधिकार शेयरवालाको विशेष अधिकार र बन्देज सम्बन्धी व्यवस्था | – | २०६९/११/१५ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०६९/१२/०२ |
| ८. | १ वटा/नियम (२) | कार्यालय रहने ठेगाना | – | २०७४/०६/०६ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०७४/०७/२२ |
| ९. | नियमावली पुर्नलेखन | कम्पनी ऐन, २०६३ को ढाँचामा नियमावली पुर्नलेखन | २०७७/१२/१० निर्णय नं. ३१८ (क) | २०७८/०१/०९ | कम्पनी रजिष्ट्रारको कार्यालय र २०७८/०३/१५ |

वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था :

सन् १९९४ मा स्थापना भएको यस कम्पनीले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को अधिनमा रही वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गरेको छ ।

**(च) कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) हाल सम्म** : कम्पनीको कुनै पनि सहायक कम्पनी नभएको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१)**संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : कम्पनीले आफ्नो उत्पादन क्षमता विस्तार गर्दै लगी हाल देहाय बमोजिमका वस्तुहरुको उत्पादन गरी स्वेदश तथा विदेशमा बिक्री वितरण गर्ने गरेको छ ।

**<u>PRODUCT RANGE</u>**

**A. Yarn on Cones-both RW and Dyed**

Blend 100% Polyester
100% Viscose
Polyester/Viscose
Polyester/ Acrylic
Polyester/ Nylon
Blends as per choice of the customer.

Counts Ranging from NE 12 to 40 (single & multifold)
Colour Raw White, Melange and Dyed
Use Weaving, Knitting, Hosiery

**B. 100% Polyester Sewing Thread Yarn**

Colour Raw White, Optical White and Black
Counts Ranging from Ne 16/2 to 30/3(single & multifold)

**C. 100% Acrylic Yarn**

Colour Raw White, Melange and Dyed

**1. Regular non bulk yarn on cones**

Counts NM 20 to NM 60 (single & multifold)
Use Knitting & Weaving mainly for Summer-Wear Sweat Shirts, T-shirts and Socks, Sports Wear, Swimming Costumes, Jogging Suits, Track Suits and more.

**2. High bulked yarn Bulked & Dyed on Cones and Hanks**

Counts DMM 15/1 to DMM 32/1 (single & multifold)
Use Hosiery-knitting mainly for winter wear.
Pullovers, Sweaters, Cardigans, Mufflers, Socks, Gloves and Shawls.

**D. Other Fibers :** Modal, Bamboo, Tencel, linen, Allo and Antibacterial Counts Ne 12 to Ne 40 (single & multifold)

**E. Effect Yarns:** Injection Slub, Neps, Machanical Slub, Monline, Milticount, Multitwist, Special fiber Mixes for Visual effects, Half Chenille.

**F.** Various types of Vortex Spinning Yarn.

**G.** Various types of Openend Yarn.

<u>नोट :</u> माथि उल्लेखित विवरणहरु विशुद्ध प्राविधिक भएको हुँदा सोलाई नेपाली भाषामा अनुवाद गर्दा फरक अर्थ लाग्न सक्ने भएको हुँदा अंग्रेजी भाषामा नै प्रस्तुत गरिएको ।

(२)**प्रयोग भएको वा गरिने प्रविधि** : कम्पनीले विश्वका प्रतिष्ठित टेक्सटायल मेशिनरी म्यानुफ्याक्चर्स कम्पनीहरु जस्तै: LMW, Savio, Schlafhorst/Saurer, Vijay Laxmi, Peass, Mylon, Murata & Aalidhra Textool ले प्रयोग गर्ने उच्च प्रविधियुक्त स्पिनिङ्ग प्लान्टको प्रयोग गरेको छ । उद्योगमा जडित सबै मेसिनहरु इलेक्ट्रोनिक धागो Clear ले राम्रोसँग सुसज्जित रहेको र Uster Quantam तथा पहिलेदेखि नै प्रयोगमा रहेका स्पिनिङ्ग मेशिनको प्रिमियरले लामो, मध्यम र छोटो अवधिको भिन्नताको मापन तथा परिक्षण गरिरहेको हुन्छ । रिङ्ग स्पिनिङ्ग स्पिन्डलहरुको लागि रिङ्ग डाटा प्रणाली र भोर्टेक्स स्पिनिङ्ग स्पिन्डलहरुको लागि V-Labo III प्रणाली मार्फत निरन्तर अनुगमन तथा निगरानी भइरहेको हुन्छ । कम्पनीसँग फाइबर र धागो रंगाईको लागि अत्याधुनिक डाइङ्ग सुविधा तथा उत्पादन बढाउन नयाँ प्लान्टको अनुसन्धान तथा विकास गरिने र सो को लागि उत्पादन तथा गुणस्तर नियन्त्रण गर्न गुणस्तर परिक्षण प्रयोगशाला रहेको छ । साथै, उद्योगसँग डबल धागो बनाउनका लागि टू-फर-वन (TFO) सुविधा समेत रहेको छ ।

**(३)कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र कम्पनीसँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** कम्पनीले उद्योग विभागबाट मिति २०५२/१०/२८ मा ट्रेडमार्क दर्ता प्रमाणपत्र प्राप्त गरी सो को स्वामित्वलाई सुरक्षित राखेको छ । उद्योग विभागबाट मिति २०६४/०८/०७ मा ट्रेडमार्क दर्ता प्रमाणपत्र संख्या २५,७७० अन्तर्गत धागोमा लगाई राखेको/लगाउने भएको **सयपत्री** अंग्रेजीमा SAYAPATRI शब्द र ट्रेडमार्क दर्ता प्रमाणपत्र संख्या २५,९४१ अन्तर्गत धागोमा लगाई राखेको/लगाउने भएको **रिलायन्सको लालीगुराँस** अंग्रेजीमा RELIANCE CO LALIGURAS शब्द ट्रेडमार्क प्राप्त गरेको छ । साथै, मिति २०८०/०६/०६ मा ट्रेडमार्क दर्ता प्रमाणपत्र संख्या ०६०४५४ मा बस्तु/सेवा (धागो) Intifite शब्दको ट्रेडमार्क प्राप्त गरेको छ ।

**(४)संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

**(क) राष्ट्रिय/स्थानिय बजारः** यस उद्योगले उत्पादन गरेको वस्तुमध्ये करीब २५-३० प्रतिशत हिस्सा मात्र राष्ट्रिय अर्थात स्थानिय बजारमा खपत हुन्छ । मुलुकमा कपडा उत्पादनका ठूला उद्योग नहुनुले पनि यसको बजार हिस्सा स्थानिय अर्थात राष्ट्रिय बजारमा कम मात्रामा खपत हुने गरेको छ । जस अनुसार यस उद्योगले उत्पादन गरेको विभिन्न प्रकारका धागोहरु मुलुक भित्रका किरण सुज मेनुफेक्चर्स, काठमाण्डौं, प्रगति टेक्सटायल ईण्डष्ट्रिज प्रा.लि., विराटनगर, नेपाली सेना बहु व्यवसाय उद्योग, काठमाण्डौं, निप्पो ईण्डष्ट्रिज प्रा.लि., भक्तपुर र एभरेष्ट टेक्सटायल ईण्डष्ट्रिज प्रा.लि., विराटनगर लगायतका घरेलु उद्योगहरुले खरीद गर्ने गरेका छन ।

**(ख) अन्तराष्ट्रिय बजार :** यस उद्योगबाट उत्पादित उत्पादनको ठूलो हिस्सा करिव ७०-७५ प्रतिशत भारत तथा तेश्रो मुलुकमा निर्यात हुने गरेको छ । यो कम्पनी तुलनात्मक रुपमा विदेशी मुद्रा आर्जन गर्ने ठुलो कम्पनीमध्ये एक पर्दछ। यसले आफ्नो उत्पादनको ७०-७५ प्रतिशत हिस्सा भारत लगायत तेस्रो मुलुकका विभिन्न ख्याति प्राप्त टेक्सटायल मिल्सहरुलाई निर्यात गर्ने गरेको छ । कम्पनीले आफ्नो उत्पादनको अधिकांश हिस्सा भारत तथा तेश्रो मुलुकमा निर्यात गर्दै आएको छ । जसमा कुल उत्पादनको लगभग ५८ प्रतिशत भारतस्थित विभिन्न कम्पनीहरु आसाम डाईङ्ग प्लान्ट प्रा.लि., त्रिमुर्ति होजियारी मिल्स प्रा.लि. मालिमल सन्तमल एण्ड कम्पनी प्रा.लि., बल्लभ ऊल इण्डष्ट्रिज प्रा.लि., गोयल यार्न एजेन्सी, एल.के.वाई.मिल्स, रिद्धी सिद्धी इन्टरप्राईजेज लगायतका कम्पनीहरुलाई निर्यात गर्दै आएको छ । त्यसैगरी आफ्नो उत्पादनको करिब १७ प्रतिशत उत्पादन तेश्रो मुलुकस्थित विभिन्न कम्पनीहरु जस्तैः M/s Thanh Nghia Co. Ltd., Vietnam, M/s Acore (UK) Ltd., UK, M/s Les Tricot, Canada, M/s Al Nahdah Modern Textile Industry, Yemen का साथै टर्कीस्थित M/s Dest Tekstil San. Vetic Ltd. STI, M/s Orion International DWC LLC, M/s Ersat Tekstil Konfeksiyon SAN. Ve TIC Ltd., M/s Lipik Itnalat VE Damil Tic. Ltd. STI र M/s Caklr Iplic TIC Ltd. STI का कम्पनीहरुमा निर्यात गर्दै आएको छ ।

यस कम्पनीबाट उत्पादित धागोको राष्ट्रिय/स्थानिय बजार र अन्तरार्ष्ट्रिय बजारमा निम्नानुसार हिस्सा रहेको छ :

| कम्पनीको नाम | कम्पनी स्थापना मिति (वि.सं.) | हालको उत्पादन क्षमता (मेट्रिक टन) | बजार हिस्सा स्वदेश (प्रतिशतमा) | बजार हिस्सा विदेश (प्रतिशतमा) |
|---|---|---|---|---|
| रिलायन्स स्पिनिङ्ग मिल्स लि. | २०५१ | ४८,९६० | २५-३० | ७०-७५ |

- कम्पनीले उद्योगबाट उत्पादित धागोको ७० देखि ७५ प्रतिशत सम्म विदेशमा निर्यात गर्दै आएको छ । यस उद्योगका प्रतिस्पर्धी उद्योगहरुले अर्थात मुलुकको कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा ६२ प्रतिशत, आ.व. २०७८/७९ मा ५३ प्रतिशत र आ.व २०७९/८० मा ५३ प्रतिशत बरावरको हिस्सा यस कम्पनीको रहेको छ ।
- मुलुकले निर्यात गर्ने कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा यस कम्पनीको ४ प्रतिशत, आ.व. २०७८/७९ मा ३.६५ प्रतिशत र आ.व २०७९/८० मा ४.६१ प्रतिशत बरावरको योगदान रहेको छ ।

**(५)नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** यस कम्पनीले निकट भविष्यमा विभिन्न प्रकारको Cotton र Polyester Cotton को धागो उत्पादन गर्ने योजना लिएको छ ।

**(६)उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : उद्योगले उत्पादन गरेको विभिन्न प्रकारको धागोको मुख्य बजारको रुपमा विश्वका ख्याति प्राप्त टेक्सटायल मिल्सहरु रहेका छन् । राष्ट्रियस्तरमा नेपालको स्थानिय बजार रहेको छ र कम्पनीले आफ्नो उत्पादनको करीब २५-३० प्रतिशत उत्पादन मात्र यस बजारमा आपूर्ति गर्ने गरेको छ । उद्योगबाट उत्पादित उत्पादनको ठूलो हिस्सा करिव ७०-७५ प्रतिशत उत्पादन भारत तथा तेश्रो मुलुकका ख्याति प्राप्त टेक्सटायल मिल्सहरुलाई निर्यात गर्ने गरेको छ ।

**(७)उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** स्वदेशी तथा विदेशी अर्न्तराष्ट्रिय कम्पनीहरुसँगको व्यापार विस्तार गर्ने सिलसिलामा उद्योगको Installed Capacity सन् १९९६ मा ९,००० Spindles रहेकोमा आजको दिनमा सो को क्षमता वृद्धि भई ७९,८२४ Ring Spindles र ९६० Vortex Spindles (19,200 Ring Spindles बराबर)

रहेको र जसबाट वार्षिक ४०,६८० मे.टन उच्च गुणस्तरयुक्त धागोको यार्नहरु उत्पादन गर्न सफल भएको छ। त्यसैगरी उद्योगले वार्षिक अतिरिक्त ८,२८० मे.टन धागो उत्पादन गर्नको लागि १,४४० Vortex Spindles (28,800 Ring Spindles बराबर), Open End Plant र TFO Twisters थप गरी उद्योगको क्षमता वृद्धि गरेको छ। क्षमता वृद्धि पश्चात उद्योगको Installed Capacity १,२७,८२४ Spindles कायम हुने गई उद्योगले वार्षिक ४८,९६० मे.टन (दैनिक १३६ मे.टन) धागो उत्पादन गरेको छ । साथै वार्षिक क्षमता १६,५६० मे.टन थप हुन गई उद्योगको उत्पादन क्षमता प्रति दिन १८२ मे.टन तथा वार्षिक क्षमता ६५,५२० मे.टन पुग्ने प्रक्षेपण गरिएको छ ।

उद्योगको क्षमता वृद्धिका लागि जडान भएका प्लान्ट तथा वार्षिक उत्पादन क्षमता वृद्धि सम्बन्धमा उद्योगको स्थापना भएको मिति २०५१/१२/०६ गतेदेखि हालसम्म नेपाल सरकार, उद्योग विभागबाट तपसील बमोजिम अनुमति प्राप्त गरेको र सो को विवरण निम्नानुसार रहेको छ :

| विवरण | स्वीकृत/पूर्व स्वीकृत (मे.टन.) | थप/घट (मे. टन) | कायम भएको (मे. टन.) | उद्योग विभागबाट स्वीकृति प्राप्त मिति (वि.सं.) |
|---|---|---|---|---|
| Polyester/Viscose Spinning | ५,९६२ | - | ५,९६२ | २०५१/१२/०६ |
| Polyester /Viscose Grey Yarn | १,८०० | - | १,८०० | २०५८/०२/०५ |
| Polyester Viscose Dyed Yarn | १,४४० | - | १,४४० | |
| Acrylic Grey Yarn | १०,४४० | - | १०,४४० | |
| Polyester /Viscose Grey Yarn | ५,७६० | - | ५,७६० | २०६१/०१/१४ |
| Polyester Spun Yarn (PSY) Grey | ६,१२० | - | ६,१२० | |
| Acrylic Grey Yarn | ५,२०० | - | ५,२०० | |
| Acrylic Dyed Yarn | ५६० | - | ५६० | |
| PV Yarn | ५,७६० | - | ५,७६० | २०६९/०४/०९ |
| Polyester Yarn | ६,१२० | - | ६,१२० | |
| Acrylic Yarn | ५,२०० | - | ५,२०० | |
| Dyed Yarn | ५६० | - | ५६० | |
| Polyester Yarn/Texterised Yarn | ९,५०० | - | ९,५०० | |
| Nylon Yarn | १,००० | - | १,००० | |
| Knitted Fabrics | ३,६०० | - | ३,६०० | |
| Poy/Dyed Poy | १५,७०० | - | १५,७०० | |
| Polyester /Viscose Grey Yarn | ५,७६० | १,९२० | ७,६८० | २०७१/०६/१२ |
| Polyester Spun Yarn (PSY) Grey | ६,१२० | - | ६,१२० | |
| Acrylic Grey Yarn | ५,२०० | ५,००० | १०,२०० | |
| Acrylic Dyed Yarn | ५६० | १,००० | १,५६० | |
| Polyester Viscose Grey Yarn | ५,६६० | १,९२० | ७,६८० | २०७३/०२/११ |
| Polyester / Spun Yarn (PSY) Grey | ६,१२० | - | ६,१२० | |
| Acrylic Grey Yarn | १०,२०० | ५,००० | १५,२०० | |
| Acrylic Dyed Yarn | १,५६० | १,००० | २,५६० | |
| Polyester /Viscose Grey Yarn | ७,६८० | १,९२० | ९,६०० | २०७७/०८/२६ |
| Polyester Spun Yarn (PSY) Grey | ६,१२० | - | ६,१२० | |
| Acrylic Grey Yarn | १५,२०० | - | १५,२०० | |
| Acrylic Dyed Yarn | २,५६० | - | २,५६० | |
| Cotton Yarn | - | ४,६८० | ४,६८० | |
| Viscose/Synthetic Yarn | - | ४,६८० | ४,६८० | |
| Polyester/Viscose Grey Yarn | ९,६०० | - | ९,६०० | २०७९/११/२९ |
| Polyester Spun Yarn (PSY) Grey | ६,१२० | - | ६,१२० | |
| Acrylic Grey Yarn | १५,२०० | - | १५,२०० | |
| Acrylic Dyed Yarn | २,५६० | - | २,५६० | |
| Cotton Yarn/ Polyester Cotton yarn | ४,६८० | १,६२० | ६,३०० | |
| Viscose/Synthetic/Allo Yarn | ४,६८० | १,६२० | ६,३०० | |

**(८)कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ मध्ये नेपालमा नै पाउन सकिने अल्लो, उद्योगले सम्भावित परिक्षण उत्पादन गरेको तर पयाप्त मात्रामा अल्लोको उपलब्धता हुन नसकेपछि मेशिन तथा उपकरण प्रयोग विहिन अवस्थामा रहेको छ । साथै, उद्योगले स्थापना कालदेखि नै आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ (फाइबर) हरु विभिन्न मुलुकहरु जस्तै: भारत, चीन, थाईल्याण्ड, इण्डोनेसिया, कोरिया, अष्ट्रिया आदि देशबाट आयात गरी धागो उत्पादन गर्दै आइरहेको छ ।

**(९)गुणस्तर नियन्त्रणको लागि गरिएको व्यवस्था:** उद्योगले गुणस्तरिय वस्तु उत्पादन र गुणस्तर कायम राख्नका लागि छुट्टै Quality Control Department खडा गरी सो विभागको प्रत्यक्ष निगरानीमा यस उद्योगबाट धागोहरु उत्पादन हुने हुँदा उत्पादनको गुणस्तरमा सँधै सजग र चनाखो रहेको छ । साथै उद्योग अन्तर्गत रहेको अनुसन्धान विभागले समेत क्रियाशिल रुपमा अनुसन्धान गर्दै आएको छ ।

**(१०)अनुसन्धान तथा विकास** : यस उद्योगले प्रयोगमा ल्याएको सबै उपकरणहरु उच्च प्रविधियुक्त रहेको र प्रयोगमा रहेका पहिलेका स्पिनिङ्ग मेशिनहरुलाई दीर्घकालिन, मध्यकालिन र अल्पकालिन रुपमा सञ्चालनमा ल्याउने गरी विकास गर्ने योजना रहेको छ । प्रत्येक Ring Spinning Spindles लाई Ring Data System र Vortex Spinning Spindles लाई V-Labo III System बाट अनुगमन गरिएको छ । उद्योगमा रहेको प्लान्ट तथा उपकरणको थप अनुसन्धान, विकास र गुणस्तरियताको मापन गर्ने अनुसन्धान प्रणालीको विकास गर्ने योजना रहेको छ ।

**(११)विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान** : विश्वव्यापी कोभिड १९ को महामारीबाट देशमा भएको पटक पटकको लकडाउन तथा निषेधाज्ञाका अवस्थामा पनि यस उद्योगको उत्पादन बन्द नगरिएको भएतापनि माहामारिबाट श्रृजित प्रतिकुल असर हालसम्म पनी विध्यमान रहेका कारण उद्योगको व्यवसायमा असर परेको साथै हाल मध्यपूर्व तथा रसिया र युक्रेन बीच चलिरहेको युद्धको कारणले विश्व बजार तथा युरोपियन बजारमा मन्दि आएको र जसले गर्दा विश्व नै आर्थिक मन्दिबाट गुज्रिरहेको अवस्था छ । विश्व अर्थतन्त्रमा आएको मन्दीको कारणले मुलुकको अर्थतन्त्र पनि अछुतो रहन सकेको छैन । खासगरीकन युरोपियन बजारमा आएको आर्थिक मन्दीको कारणले यस कम्पनीले विभिन्न युरोपियन मुलुकमा गर्दै आएको निर्यात प्रभावित हुन गई आार्थिक वर्ष २०८०/०८१ दोस्रो त्रयमासमा कम्पनीको नाफामा केहि कमी आएको छ । साथै, नेपाल बिद्युत प्रधिकरणले उद्योगमा जडित बिद्युत मिति २०८० पौष महिनामा २१ दिन नियमित नगर्दा उद्योग बैकल्पिक उर्जाबाट सञ्चालन भएको । यसरी बैकल्पिक उर्जाबाट पूर्ण रुपमा सञ्चालन हुन नसक्दा उद्योगको नाफामा प्रभाव परेको छ ।

**(१२)मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : यस उद्योगमा सबै गरेर करिब ३,८२८ कर्मचारी तथा कामदार कार्यरत रहेका छन् । उद्योग सञ्चालनमा आएको झण्डै तीन दशकको ईतिहासमा उद्योगले धेरै नै उतारचढाव पार गर्दै आजको यो अवस्थामा आइपुगेको हो । हालको अवस्थामा उद्योगले मजदुर युनियनको कारण समस्या भोग्नु परेको छैन । तसर्थ यस उद्योगको व्यवस्थापक र मजदुर यूनियन बीचमा कुनै किसिमको तिक्तता नरेहकोले सम्वन्ध सौहार्द पूर्ण रहेको छ ।

**(१३)बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : उद्योगले उत्पादन गरेको धागोको बजार हिस्सा अत्यन्त उत्साहजनक रहेको छ। उद्योगले उत्पादन गर्ने धागो स्थानिय बजारमा अग्रस्थान ओगट्न सफल भएको छ । नेपालमा स्थापित अन्य उद्योगहरुले पनि यस कम्पनीलाई मुख्य कम्पनी र मुख्य ब्राण्डका रुपमा हेर्ने गरेका छन । अब सञ्चालनमा आउने उद्योगहरुबाट अवलम्बन गरिने बजार विस्तारका योजनाहरुलाई चनाखो रुपमा हेरी आगामी दिनमा बजारमा आफ्नो स्थिति लिडिङ्ग ब्राण्डका रुपमा स्थापित रहने विश्वास कम्पनीले लिएको छ । नेपालमा धागो उत्पादन गर्ने उद्योग जम्मा चार वटा छन् जस मध्ये रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड सबै भन्दा ठूलो स्पिनिङ्ग मिल्स हो । नेपालमा धागोको बजार पूर्ण रुपमा विस्तार भई नसकेको र यसका उत्पादनको ठूलो हिस्सा करिव ७०-७५ प्रतिशत भारत तथा अन्य विश्व बजारमा बिक्री हुने गरेको छ । अन्य समान उद्योगहरु बीचको बजार प्रतिस्पर्धाको तुलनात्मक विवरण निम्नानुसार रहेको छ :-

| क्र. सं. | कम्पनीको नाम | कम्पनी स्थापना मिति (वि.सं.) | उत्पादन क्षमता (मेट्रिक टन) | बजार हिस्सा स्वदेश (प्रतिशतमा) | बजार हिस्सा विदेश (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १. | रिलायन्स स्पिनिङ्ग मिल्स लि. | २०५१ | ४८,९६० | २५-३० | ७०-७५ |

- कम्पनीले उद्योगबाट उत्पादित धागोको ७० देखि ७५ प्रतिशत सम्म विदेशमा निर्यात गर्दै आएको छ। यस उद्योगका प्रतिस्पर्धी उद्योगहरुले अर्थात मुलुकको कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा ६२ प्रतिशत, आ.व. २०७८/७९ मा ५३ प्रतिशत र आ.व २०७९/८० मा ५३ प्रतिशत बरावरको हिस्सा यस कम्पनीको रहेको छ ।
- मुलुकले निर्यात गर्ने कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा यस कम्पनीको ४ प्रतिशत, आ.व. २०७८/७९ मा ३.६५ प्रतिशत र आ.व २०७९/८० मा ४.६१ प्रतिशत बरावरको योगदान रहेको छ ।

(१४)**प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि कम्पनी कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : यस कम्पनीबाट उत्पादन भएको विभिन्न प्रकारको धागोहरु भारतीय कम्पनीहरु M/s Manglam Yarn Agencies र M/s Trimurti Hosiery Mills Pvt. Ltd. लाई निर्यात गर्ने गरिएको र उक्त निर्यात रकम कम्पनीको कुल वार्षिक कारोबारको १० प्रतिशत भन्दा बढी रहेको छ ।

(१५)**प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : M/s Thai Acrylic Fiber Co.Ltd., Thailand **र भारतीय कम्पनीहरु क्रमशः** M/s Reliance Industries Ltd., M/s Indorama Synthetics Ltd., M/s Grasim Industries Ltd. तथा M/s Asia Fibre Trading Pte. Ltd., Singapore बाट कुल वार्षिक कारोबारको १० प्रतिशतभन्दा बढी रकम बराबरको कच्चा पदार्थहरु आयात गर्ने गरिएको छ ।

**ग.३.ख. सम्पत्तिको विवरणः**

(**क**) संगठित संस्थाको उद्योगमा रहेको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति सुनसरी जिल्लामा अवस्थित रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड (मुल उद्योग 'ए', खनार र शाखा उद्योग 'बि', दुहाबि) को नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**(आर्थिक वर्ष २०७९/०८० को लेखापरिक्षणबाट प्रमाणित वित्तीय विवरण अनुसार)**

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति (रु. हजारमा) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १. | **ह्रासकट्टी नहुने सम्पत्ति** | | | |
| | जग्गा | २८,७०,७०० | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| २. | **ह्रासकट्टी हुने सम्पत्ति** | | | |
| | भवन | २६,९२,१२५ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | प्लान्ट र मेशीनरी | ३८,५९,९८३ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | कार्यालय र ईलेक्ट्रिकल सामाग्री | २,६९३ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | फर्निचर्स एण्ड फिक्स्चर्स | १२,३०२ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | सवारी साधनहरु | १९,९३३ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | कम्प्युटर्स | १,९१० | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | (Intangibles Assets) एकाउन्टिङ सफ्टवेयर, सर्भर तथा नेटवर्किङ सिस्टम | १७९ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| ३. | **सम्पत्ति प्रयोगको अधिकार** | ५,१९७ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| ४. | **क्यापिटल वर्क इन प्रोग्रेश** निर्माणधिन सिभिल संरचना तथा मेशिनरी जडान कार्य | २,२६,७५८ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | **जम्मा** | **९६,९१,७८०** | | |

(ख) **बुँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** कम्पनीको आफ्नै सम्पत्ति रहेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**

उद्योगको स्वामित्वमा रहेको जग्गाहरु सहवित्तियकरण कर्जा प्रवाह गर्ने बैंकहरुको नाममा मोर्टगेजमा रहेको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिहरुको पुनर्मूल्याङ्कन गरी सोही अनुसार राखिएको छ ।

(ङ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिहरु पूनर्मुल्याङ्कन लागत मुल्यमा ह्रासकट्टी गरी मुल्याङ्कन गरिएको र सो को कार्यविधि निम्नानुसार रहेको छ :

- सम्पत्तीको पुनर्मुल्याङ्कन गर्दा कम्पनीले उपलब्ध गराएको टेक्निकल स्पेसिफिकेसन, परिमाण, खरीद कागजात तथा मूल्यका आधारमा गरिएको ।
- उद्योगको प्रत्यक्ष भ्रमण गर्दा मेकानिकल इन्जिनियर्स, विज्ञ टिम तथा प्रत्यक्ष अवलोकनबाट गरिएको ।
- कम्पनीको जमिन, भवन, मेकानिकल सम्पत्तिको मुल्याङ्कनबाट गरिएको ।
- कारखाना स्थलको प्रत्यक्ष अवलोकन विधिद्वारा भौतिक अवस्था तथा फरक फरक भागको सम्पत्तिको पूनर्मुल्याङ्कन गरिएको ।
- कम्पनीले प्रत्यक्ष रुपमाा उपलब्ध गराएको श्रोत तथा चालु अवस्थाको सम्पत्तिको विवरणका आधारमा पूनर्मुल्याङ्कन गरिएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

उत्पादन विविधिकरण गर्ने, उद्योगसँग सम्बन्धित अनुसन्धान तथा विकास गर्ने, थप उत्पादन विविधिकरण गर्दै विभिन्न ब्राण्डका कपडाका लागि आयात गरिने विभिन्न धागो र धागो जन्य वस्तुलाई मुलुकभित्र नै उत्पादनका लागि आवश्यक अनुसन्धान, नीति तथा नियमका लागि नेपाल सरकार, निजी क्षेत्रसँग हातेमालो गर्दै दीर्घकालिन रुपमा प्रबन्ध गर्ने, उद्योगको क्षमता विस्तार गर्ने तथा उपयुक्त अन्य स्थानमा शाखा उद्योग खोली सञ्चालन गर्ने योजना कम्पनीको रहेको छ । साथै, अन्य योजनाहरु देहाय अनुसार रहेका छन् :

- कम्पनीले निष्काशन गर्ने धितोपत्र बिक्रीबाट प्राप्त हुने रकमले आगामी तीन (३) वर्षभित्र अर्थात आर्थिक वर्ष २०८२/८३ भित्रमा उद्योगको प्रस्तावित परियोजना (युनिट सी) को क्षमता विस्तार गर्ने लक्ष्य लिएको छ ।
- सो नयाँ परियोजनाका लागि कम्पनीले जग्गा जमीन खरीदको प्रक्रिया समाप्त गरिसकेको हुँदा आगामी तीन (३) वर्षमा उद्योगको क्षमता विस्तार भई उद्योग सुचारु हुनेछ ।
- उद्योगले बैकल्पिक उर्जा (सोलार) बाट आवश्यक पर्ने उर्जा व्यवस्थापन गर्ने लक्ष्य लिएको छ ।

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको धागो उद्योग विकासमा यस उद्योगलाई अग्रणी रुपमा विस्तार गरी मुलुककै विशिष्ट उद्योगको रुपमा स्थापित गर्नु ।

(२) उद्योगको क्षमता वृद्धिको पछिल्लो अवस्थाको सम्बन्धमा नेपाल सरकार, उद्योग विभागबाट स्वीकृति प्राप्त भएको र सो को विवरण निम्नानुसार रहेको छ :

| विवरण | स्वीकृत (मे. टन.) | कैफियत |
|---|---|---|
| Polyester/Viscose Grey Yarn | ९,६०० | उद्योग विभागको मिति २०७९/११/२९ को पत्रानुसार शाखा उद्योग 'A' को हकमा । |
| Polyester Spun Yarn (PSY) Grey | ६,१२० | |
| Acrylic Grey Yarn | १५,२०० | |
| Acrylic Dyed Yarn | २,५६० | |
| Cotton Yarn | ६,३०० | |
| Viscose/Synthetic Yarn | ६,३०० | |
| Polyester Yarn/Texterised Yarn | ९,५०० | उद्योग विभागको मिति २०६९/०४/०९ को पत्रानुसार शाखा उद्योग 'B' को हकमा । |
| Nylon Yarn | १,००० | |

साथै, शेयरको सार्वजनिक निष्काशन पश्चात् प्राप्त हुने शेयर पूँजी रकम तथा बैंकबाट थप कर्जा रकम प्राप्त भए पछि उद्योगको उत्पादन क्षमता वृद्धि गरिने र जस अनुसार हाल कायम रहेको उत्पादन क्षमता हाल प्रति दिन १३६ मे.टन तथा वार्षिक ४८,९६० मे.टनमा प्रति दिन ४६ मे.टन तथा वार्षिक क्षमता १६,५६० मे.टन थप हुन गई उद्योगको उत्पादन क्षमता प्रति दिन १८२ मे.टन तथा वार्षिक क्षमता ६५,५२० मे.टन पुग्ने प्रक्षेपण गरिएको छ ।

(३) गुणस्तरीय उत्पादनलाई प्राथमिकतामा राखी देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने योजना रहेको छ ।

(४) धागो जन्य वस्तुको उत्पादन, बजार व्यवस्थापनको अन्वेषण तथा विकास र योजना बनाई कार्य गर्ने योजना रहेको छ ।

(५) उत्पादित वस्तुलाई विश्व बजारमा पुर्‍याई बजारलाई ब्यापक रुपमा विस्तार गरी गुणस्तरिय उत्पादनको बिक्री वितरण गर्ने योजना रहेको छ ।

(६) परनिर्भरमूखी अर्थतन्त्रलाई केहि हदसम्म भए पनि न्यून गरी निर्यात प्रर्वद्धन गर्ने जसका कारण मुलुकको व्यापार घाटा केहि हदसम्म न्यून गर्न सकियोस भन्ने योजना रहेको छ ।

(७) एसिया, यूरोप तथा अफ्रिका लगायतका मुलुकमा बजारको सम्भावना पहिचान गर्न र त्यसका लागि कम्पनीले अवलोकन भ्रमण, समन्वय तथा अन्तरक्रिया गरी सम्भाव्यता अध्ययन गरिरहेको छ ।

(८) स्थानिय स्तरमा (मुलुक भित्र) पनि बजार अझ बिस्तार गरी आफ्नो उत्पादन वृद्धि गर्न मुलुकमा भएका टेक्सटायल उद्योग तथा घरेलु उद्योगहरुसँग समन्वय गरी बजार विस्तार गर्ने योजना रहेको छ ।

(९) नेपाल सरकारसँग समन्वय र सहकार्य गरी उद्योगले महिला दलित/पिछडा वर्ग तथा विदेशबाट फर्केका व्यक्तिहरुलाई रोजगारी सुनिश्चित गर्ने गरी कार्य अघि बढाई रहेको छ ।

(१०)स्थानियस्तरमा उत्पादन हुने अल्लो लगायतका धागो बन्न सक्ने उत्पादनलाई उद्योगमा नै प्रशोधन गरी फाईवरबाट धागो बनाई शुद्ध नेपाली उत्पादन विश्व बजारमा पुर्‍याउने कार्य भईरहेको छ ।

(११)नेपाल सरकारबाट प्राप्त पछिल्लो इजाजत अनुसारको दायरभित्र रही अत्याधुनिक प्रविधिले सु-सज्जित अर्को यूनिट उत्पादनको तयारी अवस्थामा रहेको हुँदा सोबाट उत्पादन पश्चात् उद्योगको थप बजार बिस्तार तथा निर्यात समेतमा बढोत्तरी हुने गरी कार्य भईरहेको छ ।

(१२)हालै मात्र उद्योगबाट उत्पादित धागो बंगलादेशको सुख्खा बन्दरगाह भएर निर्यात गर्नका लागि बंगलादेश सरकारले अनुमति दिएको हुँदा नेपाली धागोको बजार अझ विस्तार हुने देखिन्छ ।

**उक्त योजनाहरु प्राप्तीका लागि हालसम्म कम्पनीले देहाय बमोजिमका कार्यहरु गरेको छ :**

**(१)** कम्पनीले आफ्नो उत्पादनहरुमा गुणस्तरियता कायम गरी मुलुक तथा मुलुक बाहिर विश्वास जित्नको लागि उल्लेख्य रुपमा रिलायन्सका ब्राण्डसँग कार्य गरिरहेको छ । बजार विस्तारलाई उच्च महत्व दिई बिक्री पछिको प्राविधिक सेवाका लागि विशेषज्ञ टिमको प्रत्यक्ष निगरानीमा रहेको यस उद्योग नेपालकै ठूलो धागो उत्पादक कम्पनीको रुपमा रहेको छ ।

**(२)** स्वदेशी तथा विदेशी अर्न्तराष्ट्रिय कम्पनीहरुसँगको व्यापार विस्तार गर्ने सिलसिलामा उद्योगको Installed Capacity सन् १९९६ मा ९,००० Spindles रहेकोमा आजको दिनमा सो को क्षमता वृद्धि भई ७९,८२४ Ring Spindles र ९६० Vortex Spindles (19,200 Ring Spindles बराबर) रहेको र जसबाट वार्षिक ४०,६८० मे.टन उच्च गुणस्तरयुक्त धागोको यार्नहरु उत्पादन गर्न सफल भएको छ । त्यसैगरी उद्योगले वार्षिक अतिरिक्त ८,२८० मे.टन धागो उत्पादन गर्नको लागि १,४४० Vortex Spindles (28,800 Ring Spindles बराबर), Open End Plant र TFO Twisters थप गरी उद्योगको क्षमता वृद्धि गरेको छ । क्षमता वृद्धि पश्चात उद्योगको हाल Installed Capacity १,२७,८२४ Spindles कायम हुने गई हाल वार्षिक ४८,९६० मे.टन (दैनिक १३६ मे.टन) धागो उत्पादन गरेको छ । साथै वार्षिक क्षमता १६,५६० मे.टन थप हुन गई उद्योगको उत्पादन क्षमता प्रति दिन १८२ मे.टन तथा वार्षिक क्षमता ६५,५२० मे.टन पुग्ने प्रक्षेपण गरिएको छ ।

**(ख)प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको कम्पनीको स्थितिको आधारमा कम्पनीको व्यवसायको भविष्य:** देशमा माग बमोजिम धागो उत्पादन गर्नु आफैमा सराहनिय काम भएको र धागो उत्पादन सँगै माग पनि निर्धारण हुने र सोही अनुसार बजार समेत पहिचान भई स्थानिय बजार तथा अर्न्तराष्ट्रिय बजारमा सहजै बिक्री वितरण हुने अवस्था रहेको हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा रहेता पनि नेपालकै ठूलो स्पिनिङ्ग मिल्सको रुपमा रहेकाले आजको दिनसम्म खासै प्रतिष्पर्धा गर्नुपरेको छैन । यस कम्पनीले गुणस्तरलाई प्राथमिकता दिई उत्पादन गर्ने हुनाले समेत यस कम्पनीबाट उत्पादित धागोले स्थानिय बजार तथा अर्न्तराष्ट्रिय बजार खासगरी भारतमा आफूलाई स्थापित गराउन सम्भव भएको छ । मुलुकमा विभिन्न धागो उद्योगहरुले धागो उत्पादन गरी मुलुकमा नै बिक्री गर्ने गरेको तर यस उद्योगले मुलुक भित्र, मुलुक बाहिर भारत तथा तेश्रो मुलुकमा समेत निर्यात गर्दै आएको छ । विदेशबाट आयातित धागोको परिमाणलाई प्रतिस्थापन गर्न सके उक्त बजार हिस्सा स्वतः नेपाली उद्योगहरुले प्राप्त गर्ने सक्नेछन् ।

मुलुकमा विद्यमान रहेका धागो उत्पादन गर्ने उद्योगहरुको कूल क्षमता लगभग ८८,४६० मेट्रिक टन रहेकोमा यस उद्योगको उत्पादन क्षमता, बजार हिस्सा (स्वदेशी बजारमा तथा विदेशी बजारमा) देहाय बमोजिम रहेको छ :-

| क्र.सं. | कम्पनीको नाम | कम्पनी स्थापना मिति (वि.सं.) | उत्पादन क्षमता (मेट्रिक टन) | बजार हिस्सा स्वदेश (प्रतिशतमा) | बजार हिस्सा विदेश (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १. | रिलायन्स स्पिनिङ्ग मिल्स लि. | २०५१ | ४८,९६० | २५-३० | ७०-७५ |

- कम्पनीले उद्योगबाट उत्पादित धागोको ७० देखि ७५ प्रतिशत सम्म विदेशमा निर्यात गर्दै आएको छ । यस उद्योगका प्रतिस्पर्धी उद्योगहरुले अर्थात मुलुकको कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा ६२ प्रतिशत, आ.व. २०७८/७९ मा ५३ प्रतिशत र आ.व २०७९/८० मा ५३ प्रतिशत बरावरको हिस्सा यस कम्पनीको रहेको छ ।
- मुलुकले निर्यात गर्ने कुल निर्यातको आर्थिक वर्ष २०७७/७८ मा यस कम्पनीको ४ प्रतिशत, आ.व. २०७८/७९ मा ३.६५ प्रतिशत र आ.व २०७९/८० मा ४.६१ प्रतिशत बरावरको योगदान रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । जस अनुसार सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालकहरू | ३ जना |
| सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **५ जना** |

**नोटः** कम्पनीले बुक बिल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ता र सर्वसाधारणमा धितोपत्रको सार्वजनिक निष्काशन भई बाँडफाँट भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ। हाललाई स्वतन्त्र व्यवसायिक सञ्चालकको पद रिक्त रहेको छ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने यो व्यवस्था लागू हुने छैन भन्ने उल्लेख भएको छ। सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

## ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :

**(क)अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण** :

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु.२,६०,००,००,०००।- (अक्षरेपी दुई अर्ब साठी करोड) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले २,६०,००,००० (दुई करोड साठी लाख) थान शेयरमा विभाजन गरिएको छ।

**जारी पुँजी :** कम्पनीको जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले १,९०,००,००० (एक करोड नब्बे लाख मात्र) थान शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पुँजी :** कम्पनीको चुक्ता पूँजी रु.१,७०,७३,४०,०००।- (अक्षरेपी एक अर्ब सत्तरी करोड त्रिहत्तर लाख चालीस हजार मात्र) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले १,७०,७३,४०० (एक करोड सत्तरी लाख त्रिहत्तर हजार चारसय मात्र) थान शेयरमा विभाजन गरिएको छ। योग्य संस्थागत लगानीकर्ताहरुलाई छुट्टाइएको ७,७०,६४० कित्ता शेयर बाँडफाँट भए पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,७८,४४,०४,०००।- (अक्षरेपी एक अर्ब अठहत्तर करोड चवालिस लाख चार हजार मात्र) पुगेको र सर्वसाधारणलाई रु.११,५५,९६,०००।- (एघार करोड पचपन्न लाख छयानब्बे हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।-का दरको ११,५५,९६० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) हुनेछ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्बन्धी विवरण :**

| आ.व. | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०७७/७८ | २,६०,००,००,००० | १,९०,००,००,००० | १,७०,७३,४०,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/१५ को पत्रानुसार। |
| २०६९/७० | २,६०,००,००,००० | २,६०,००,००,००० | १,३०,७०,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६९/१२/०२ को पत्र अनुसार। |
| २०६८/६९ | २,६०,००,००,००० | २,६०,००,००००० | ८५,००,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६९/०२/०५ को पत्र अनुसार। |
| २०६०/६१ | २,६०,००,००,००० | २,५२,००,००,००० | ८५,००,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६१/०४/०४ को पत्र अनुसार। |
| २०५७/५८ | १,२५,००,००,००० | १,००,००,००,००० | ५५,००,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०८/२६ को पत्र अनुसार। |
| २०५६/५७ | १,२५,००,००,००० | ६५,००,००,००० | ५४,१७,९३,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५८/०३/१२ को पत्र अनुसार। |
| २०५४/५५ | १,२५,००,००,००० | ६०,००,००,००० | २८,००,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५५/०९/२३ को पत्र अनुसार। |
| २०५३/५४ | ७५,००,००,००० | ४०,००,००,००० | २८,००,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५४/०५/१५ को पत्र अनुसार। |
| २०५०/५१ | ७५,००,००,००० | १,००,००,००० | ६०,००,००० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०५१/०१/२८ को कम्पनी दर्ता अनुसार। |

(ख)निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) : कम्पनीको प्रबन्धपत्रको दफा (६) (घ) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र. सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | १,७०,७३,४०० | १,७०,७३,४०,०००।०० | ८९.८६०% | शतप्रतिशत |
| २. | योग्य संस्थागत लगानीकर्ता | ७,७०,६४० | ७,७०,६४,०००।०० | ४.०५६% | शतप्रतिशत |
| ३. | सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत) | ११,५५,९६० | ११,५५,९६,०००।०० | ६.०८४% | सर्वसाधारणमा निष्काशन पश्चात शतप्रतिशत हुने |
| | **जम्मा** | **१,९०,००,०००** | **१,९०,००,००,०००** | **१००%** | |

**(ग)शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयर प्रिमियम खाताको व्यवस्था देहाय बमोजिम रहेको:**
यस कम्पनीको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।
**शेयर प्रिमियम खाता (निष्काशन पूर्व)** : योग्य संस्थागत लगानीकर्ताहरुलाई बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा ( १३) बमोजिम मिति २०८०/१०/१५ गते नेपाल स्टक एक्सचेन्ज लि. ले सञ्चालन गरेको बोलकबोल प्रणाली मार्फत कट अफ मूल्य रु.९१२।- निर्धारण भई सोही अनुसार १८ वटा योग्य संस्थागत लगानीकर्ताहरुलाई ७,७०,६४० कित्ता शेयर समानुपातिक रुपमा बाँडफाँट गर्दा प्रिमियम बापत जम्मा रकम रु.६२,५७,५९,६८०।- प्राप्त भएको ।
**शेयर प्रिमियम खाता (निष्काशन पश्चात्) :** बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) बमोजिम बुक विल्डिङ्ग विधि अन्तर्गत प्रथम चरणमा योग्य संस्थागत लगानीकर्ताहरुलाई ७,७०,६४० कित्ता शेयर बोलकबोल प्रणाली मार्फत निष्काशन गरी बाँडफाँट गर्दा रु.९१२।- मा उक्त सम्पूर्ण शेयर बिक्री भई कट अफ मूल्य रु.९१२।- निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई धितोपत्र जारी गर्दा कट अफ मूल्यमा १० प्रतिशत छुट दिई निष्काशन गर्दा कायम हुन आउने प्रति शेयर मूल्य रु.८२०।८० को दरमा सर्वसाधारणमा निष्काशन गरिने ११,५५,९६० (एघार लाख पचपन्न हजार नौ सय साठ्ठी मात्र) कित्ता साधारण शेयर निष्काशन गर्दा शेयर प्रिमियम वापत देहाय अनुसारको रकम प्राप्त हुने देखिन्छ ।

| क्र. सं. | विवरण | निष्काशित शेयर संख्या | शेयर प्रिमियम वापत प्राप्त हुने न्यूनतम रकम (प्रति कित्ता) (रु.) | प्राप्त हुने न्यूनतम रकम (रु.) |
|---|---|---|---|---|
| १. | सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत) | ११,५५,९६० | ७२०।८० | ८३,३२,१५,९६८।०० |
| | **जम्मा** | | | **८३,३२,१५,९६८।००** |

**ग.५.संस्थापक/सम्बन्धी जानकारी :**

**ग.५.क.संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव** :

**आधारभूत शेयरधनीको विवरण :**

| सि. नं. | नाम र ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर संख्या/ प्रतिशत | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री पवन कुमार गोल्याण का.म.न.पा. १३ काठमाण्डौं | अध्यक्ष | ६५ | नेपाली | ४१,७१,११४ /२१.९५% | बि.कम. | धागो उत्पादनको क्षेत्रमा २९ वर्षको अनुभव । | एनएमवि बैंकमा मिति २०६५/१२/२० देखि मिति २०६९/९/२७ सम्म र मिति २०७१/०१/१४ देखी मिति २०८०/०९/२६ सम्म सञ्चालक समितिमा करीब १४ वर्ष अध्यक्षको रुपमा कार्यानुभव रहेको, उत्पादन मुलक उद्योगमा वि.स. २०४४ देखि हालसम्म, ३५ वर्षको कार्यानुभव, बैक तथा वित्तीय संस्थामा वि.स. २०५३ देखि हालसम्म २७ वर्षको कार्यानुभव, बीमा कम्पनीमा आ.व. २०५८/२०५९ बाट २१ वर्षको कार्यानुभव, हालका दिनमा अन्र्तराष्ट्रियस्तरको ५ तारे होटल तथा पर्यटनमा कार्य मिति २०७३/०४/०५ देखि हालसम्म ७ बर्षको अनुभव, कृषिजन्य उद्योगहरुमा ३ वर्षको कार्यानुभव, उर्जा क्षेत्रमा ४ वर्षको कार्यानुभव, जल विद्युतमा ४ वर्षको कार्यानुभव र विभिन्न सामाजिक संघ संस्थामा आवद्ध रहनुभएको । साथै CBFIN मा मिति २०७६ आश्विन देखि मिति २०८० पौषसम्म अध्यक्षको रुपमा कार्यानुभव रहेको । |
| २ | श्री शशी कान्त अग्रवाल का.म.न.पा. - ९, बत्तिसपुतल, काठमाण्डौ | सञ्चालक | ६३ | नेपाली | ८५,३६,१०० /४४.९३% | बि.कम. | धागो उत्पादनको क्षेत्रमा २९ वर्षको अनुभव । | वि.स. २०४२ साल देखि हालसम्म ३८ वर्षदेखि टेक्सटायल यार्न, वि.स. २०४७ देखि हालसम्म ३३ बर्ष जि.आई. पाईप तथा ब्याक पाइप, वि.स. २०५१ देखि हालसम्म २९ बर्षदेखि रड, जस्तापाता, बिम, नट बोल्ट, वि.स. २०५२ देखि हालसम्म चिनी उद्योगमा, वि.स. २०५६ देखि हालसम्म २४ बर्ष साबुन उद्योगमा, मिति २०५९ देखि हालसम्म चकलेट, सुगर लगायतका उत्पादनमुखी उद्योगको कार्यअनुभव । वि.स. २०६८ देखि हालसम्म १२ बर्ष अन्र्तराष्ट्रियस्तरको ५ तारे होटल तथा बैक तथा वित्तीय संस्थामा लगानी गरेको अनुभव । विभिन्न सामाजिक, धार्मिक कार्यहरु, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ नेपाल, नेपाल भारत चेम्वर अफ कर्मश तथा नेपाल चेम्वर अफ कर्मशमा संलग्न भई कार्यानुभव । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री अक्षय गोल्याण का.म.न.पा. १३, काठमाण्डौं | प्रबन्ध सञ्चालक | ३५ | नेपाली | ४३,६५,३८६ /२२.९८% | एम.बि. ए. | धागो उत्पादनको क्षेत्रमा ११ वर्षको अनुभव । | उत्पादन मुलक उद्योगमा वि.स. २०७३ देखि हालसम्म ७ वर्षको कार्यानुभव, होटल तथा पर्यटनमा वि.स.२०७४ देखि हालसम्म ६ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा वि.स. २०७४ देखि हालसम्म ४ वर्ष कार्यनुभव रहेको । |

**सञ्चालकहरुको विवरण**

| सि. नं. | नाम र ठेगाना | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | शेयर स्वामित्व/ प्रतिशत | प्रस्तावित ब्यापार/ व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री पवन कुमार गोल्याण का.म.न.पा. १३ काठमाण्डौं (संस्थापक समूह) | अध्यक्ष | ६५ | नेपाली | बि.कम. | ४१,७१,११४ /२१.९५% | धागो उत्पादनको क्षेत्रमा २९ वर्षको अनुभव । | एनएमवि बैंकमा मिति २०६५/१२/२० देखि मिति २०६९/९/२७ सम्म र मिति २०७१/०१/१४ देखी मिति २०८०/०९/२६ सम्म सञ्चालक समितिमा करीब १४ वर्ष अध्यक्षको रुपमा कार्यानुभव रहेको, उत्पादन मुलक उद्योगमा वि.स. २०४४ देखि हालसम्म, ३५ वर्षको कार्यानुभव, बैक तथा वित्तीय संस्थामा वि.स. २०५३ देखि हालसम्म २७ वर्षको कार्यानुभव, बीमा कम्पनीमा आ.व. २०५८/२०५९ बाट २१ वर्षको कार्यानुभव, हालका दिनमा अर्न्तराष्ट्रियस्तरको ५ तारे होटल तथा पर्यटनमा कार्य मिति २०७३/०४/०५ देखि हालसम्म ७ बर्षको अनुभव, कृषिजन्य उद्योगहरुमा ३ वर्षको कार्यानुभव, उर्जा क्षेत्रमा ४ वर्षको कार्यानुभव, जल विद्युतमा ४ वर्षको कार्यानुभव र विभिन्न सामाजिक संघ संस्थामा आवद्ध रहनुभएको । साथै CBFIN मा मिति २०७६ आश्विन देखि मिति २०८० पौषसम्म अध्यक्षको रुपमा कार्यानुभव रहेको । |
| २ | श्री शशी कान्त अग्रवाल का.म.न.पा.-९, बत्तिसपुतली, काठमाण्डौ (संस्थापक समूह) | सञ्चालक | ६३ | नेपाली | बि.कम. | ८५,३६,१०० /४४.९३% | धागो उत्पादनको क्षेत्रमा २९ वर्षको अनुभव । | वि.स. २०४२ साल देखि हालसम्म ३८ वर्षदेखि टेक्सटायल यार्न, वि.स. २०४७ देखि हालसम्म ३३ बर्ष जि.आई. पाईप तथा ब्याक पाइप, वि.स. २०५१ देखि हालसम्म २९ बर्षदेखि रड, जस्तापाता, बिम, नट बोल्ट, वि.स. २०५२ देखि हालसम्म चिनी उद्योगमा, वि.स. २०५६ देखि हालसम्म २४ बर्ष साबुन उद्योगमा, मिति २०५९ देखि हालसम्म चकलेट, सुगर लगायतका उत्पादनमुखी उद्योगको कार्यअनुभव । वि.स. २०६८ देखि हालसम्म १२ बर्ष अर्न्तराष्ट्रियस्तरको ५ तारे |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | होटल तथा बैक तथा वित्तीय संस्थामा लगानी गरेको अनुभव । विभिन्न सामाजिक, धार्मिक कार्यहरु, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ नेपाल, नेपाल भारत चेम्वर अफ कर्मश तथा नेपाल चेम्वर अफ कर्मशमा संलग्न भई कार्यानुभव । |
| ३ | श्री अक्षय गोल्याण का.म.न.पा. १३, काठमाण्डौं (संस्थापक समूह) | प्रबन्ध सञ्चालक | ३५ | नेपाली | एम.बि.ए | ४३,६५,३८६ /२२.९८% | धागो उत्पादनको क्षेत्रमा ११ वर्षको अनुभव । | उत्पादन मुलक उद्योगमा वि.स. २०७३ देखि हालसम्म ७ वर्षको कार्यानुभव, होटल तथा पर्यटनमा वि.स.२०७४ देखि हालसम्म ६ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा वि.स. २०७४ देखि हालसम्म ४ वर्ष कार्यनुभव रहेको । |

**नोट :** कम्पनीको संस्थापक शेयरधनीमा कुनै पनि संगठित संस्था नरहेको हुँदा सञ्चालकहरुले कुनै पनि संगठित संस्थाको प्रतिनिधित्व नगर्ने एवं यस विवरणपत्र मार्फत सर्वसाधारणहरुका लागि शेयर जारी गरे पश्चात् सम्पन्न हुने पहिलो साधारण सभाबाट कम्पनीले स्वतन्त्र सञ्चालक र महिला सञ्चालक नियुक्त गर्नेछ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :** सो नभएको ।

**(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री पवन कुमार गोल्याण का.म.न.पा १३ काठमाण्डौं | १. गोल्याण टावर प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>२. सिटि होटल लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>३. एपोलो इनर्जी प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>४. जनता एग्रो एण्ड फरेष्टि लि.., सोल्टीमोड १०, काठमाण्डौ |
| २ | श्री शशी कान्त अग्रवाल का.म.न.पा. ९, बत्तीसपुतली, काठमाण्डौ | १. भगवती कारवाईड ईन्डष्ट्रिज प्रा.लि. , बसन्तपुर-२३, काठमाण्डौ ।<br>२. भगवती कन्फेक्सनरी प्रा.लि. , झोछेटोल, बसन्तपुर-२३, काठमाण्डौ।<br>३. गुडलक इन्भेष्टमेन्ट प्रा.लि., झोछेटोल, बसन्तपुर-२३, काठमाण्डौ ।<br>४. भगवति फार्म प्रा.लि., झोछेटोल, बसन्तपुर-२३, काठमाण्डौ ।<br>५. पशुपति फाम. प्रा.लि., झोछेटोल, बसन्तपुर-२३, काठमाण्डौ ।<br>६. दुर्गा कृषि फार्म प्रा.लि., झोछेटोल, बसन्तपुर-२३, काठमाण्डौ । |
| ३ | श्री अक्षय गोल्याण का.म.न.पा १३, काठमाण्डौं | १. पोजेटिभ इनर्जी प्रा.लि, सोल्टीमोड १०, काठमाण्डौ ।<br>२. पियोर इनर्जी प्रा. लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>३. प्रेजेन्ट इनर्जी प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>४ चिरायू एग्रो फार्म प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>५. प्रोग्रेसिभ इनर्जी प्रा. लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>६. पायोनियर इनर्जी प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>७. सम्राट एग्रो फार्म प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>८.गोल्याण एग्रो प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>९.मिजु इनर्जी प्रा. लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>१०.एपोलो इनर्जी प्रा.लि., सोल्टीमोड १०, काठमाण्डौ ।<br>११.Elevate Energy Pvt. Ltd., सोल्टीमोड १०, काठमाण्डौ ।<br>१२.Westar Galaxy Trading Pvt. Ltd., सोल्टीमोड १०, काठमाण्डौ। |

**नोट :** कम्पनीका सञ्चालकहरुको सम्बन्धमा सञ्चालकहरुबाट सूचीकृत संगठित संस्थाहरुको सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ मा उल्लेखित प्रावधानहरुको पूर्ण रुपमा पालना भएको छ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण** :

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ। सञ्चालक समितिको पूर्व स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक संस्थापक समूहका शेयरधनीहरुले लिएको शेयर कम्पनीले सार्वजनिक निष्काशन गरी शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख.संस्थापक/सञ्चालकसँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :** यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क)संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा कम्पनीको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत कम्पनीको आधारभूत शेयरधनी भए वा अन्य कुनै कम्पनीमा लगानी गरेको भए उक्त कम्पनीको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम/ ठेगाना | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या | अन्य कुनै संगठित संस्थामा गरेको लगानी | सूचीकृत संगठित संस्थामा आधारभुत शेयरधनी |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अक्षय गोल्याण का.म.न.पा. १३, काठमाण्डौ | प्रबन्ध सञ्चालक | एम.बि.ए. | २०७८/०४/०१ | उत्पादन मुलक उद्योगमा ७ वर्षको कार्यानुभव, होटल तथा पर्यटनमा ५ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा ३ वर्ष कार्यनुभव रहेको । | ४३,६५,३८६ | छ । (तल छुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।) | |
| २. | श्री अनिल कुमार सोमानी राजस्थान, भारत | लेखा तथा वित्त प्रमुख/ जोइन्ट प्रेसिडेन्ट | चाटर्ड एकाउन्टेण्ट बि.कम. | २०६६/०८/११ | बिरला टेक्सटायल मिल्स, भारतमा जि.एम.लेखा तथा वित्त पदको ६ वर्षको कार्यानुभव । रिलायन्स स्पिनिङ्ग मिल्स लि. मा लेखा तथा वित्त प्रमुख/उपाध्यक्ष भई करीव १३ वर्षको कार्य अनुभव । | नभएको | छैन | छैन |
| ३. | श्री मनिश फरिदाबाद, हरियाणा, भारत | भारत निर्यात र नेपाल बिक्री/ (मार्केटिङ्ग), जि.एम. | बि.टेक. इन्जिनियरिङ्ग | २०७४/०४/१७ | M/s Shree Rajathan Synthetic Ltd., India मा २ वर्षको कार्यानुभव, M/s RSWM मा ५ वर्षको कार्यानुभव, M/s Vardman | नभएको | छैन | छैन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मा ३ वर्षको कार्यानुभव, रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा भारत निर्यात मार्केटिङ्ग तर्फ जि.एम.भई ५ वर्ष भन्दा बढीको कार्यानुभव । | | | |
| ४. | श्री निरज कपिला महाराष्ट्र, भारत | तेश्रो मुलुक निर्यात/ मार्केटिङ्ग, जि.एम | वि.टेक./ एम.एम.एस. | २०८१/०१/०३ | धागो उद्योगसँग सम्बन्धित कम्पनीहरुमा २८ वर्षको कार्यानुभव । | नभएको | छैन | छैन |
| ५. | श्री रबिन्द्र बस्नेत हे.उ.म.न.पा १८, मकवानपुर | कम्पनी सचिव | एम.फिल अर्थशास्त्र एल. एल. बि. /बि.एड | २०७८/०४/०१ | पञ्चकन्या समुहमा प्रशासन अधिकृत तथा प्रबन्धक भई ८ वर्ष भन्दा बढीको कार्य अनुभव । घोराही सिमेन्ट ईन्डष्ट्रिज लि.मा लाइजनिङ्ग प्रबन्धक तथा कानुन विभाग प्रमुख भई २ वर्ष भन्दा बढीको कार्य अनुभव। हाल रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा ३ वर्षदेखि कम्पनी सचिव पदमा कार्यरत । | नभएको | छैन | छैन |
| ६. | श्री अश्विनी मित्तल, उत्तर प्रदेश, भारत | प्रमुख कार्य सञ्चालन अधिकृत | B.Tech. (Engineering) | २०७९/०९/०६ | भारतका विभिन्न धागो मिल्स लगायतमा प्रोडक्सन सँग सम्बन्धित काममा कुल २२ वर्षको कार्य अनुभव रहेको । रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा ७ महिनाको कार्यानुभव भएको । | नभएको | छैन | छैन |
| ७. | श्री महेश कुमार पोखरेल इटहरी उ.म.न.पा.११, सुनसरि | भाईस प्रेसिडेन्ट (प्रशासन) | B.COM./PGD (HRM) | २०५३/०३/१७ | रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा २६ वर्ष भन्दा बढिको कार्यानुभव भएको । | नभएको | छैन | छैन |
| ८. | श्री तपन कुमार गोस्वामी, भारत | नायव प्रमुख सञ्चालन अधिकृत | B.Sc.– (Textile) /PGD (Marketing) | २०८०/११/२९ | धागो उद्योगसँग सम्बन्धित कम्पनीहरुमा २८ वर्षको कार्यानुभव । | नभएको | छैन | छैन |
| ९. | श्री सुरिन्दर जीत खुर्मि, पञ्जाब, भारत | Vice President (Engineering) | B.Tech./ MBA | २०७८/०३/१८ | धागो मिल्स लगायतको कम्पनीमा इन्जिनियरिङ सँग सम्बन्धित २५ वर्षको कार्य अनुभव । सन् २०१३ देखि ISIN Lanka Pvt. Ltd. मा इन्जिनियरिङ प्रमुखको रुपमा कार्य गरेको अनुभव । रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा २ वर्षको कार्यानुभव भएको । | नभएको | छैन | छैन |

प्रबन्ध सञ्चालक श्री अक्षय गोल्याणको अन्य संगठित संस्थामा रहेको लगानी निम्नानुसार रहेको छ :

| संस्थाको नाम | शेयर कित्ता | कैफियत |
|---|---|---|
| चिलिमे हाइड्रोपावर कम्पनी लि. | १,१७,५२० | सूचीकृत संगठित संस्थामा गरेको लगानी |
| ग्लोबल आइएमई बैंक लि. | २,४६,३०९ | |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. (साविक मेगा बैंक नेपाल लि.) | २,८६,००० | |
| नेपाल बैंक लि. | १,७०,२७५ | |
| एनआईसि एशिया बैंक लि. | २२,३९,४१२ | |
| नेपाल इन्फ्रास्टक्चर बैंक लि. | ६६,००० | |
| नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ६४,८०३ | |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. | ७९,००० | |
| गोल्याण एग्रो प्रा.लि.(संस्थापक) | ९०,००० | अन्य संगठित संस्थामा गरेको लगानी |
| चिरायु एग्रो फर्म प्रा.लि.(संस्थापक) | २,०२,६५५ | |
| सम्राट एग्रो फर्म प्रा.लि.(संस्थापक) | ४४,२६० | |
| पियोर इनर्जि प्रा.लि.(संस्थापक) | ४,८०,००० | |
| पोजिटिभ इनर्जि प्रा.लि.(संस्थापक) | २,००,००० | |
| पायोनियर इनर्जि प्रा.लि.(संस्थापक) | १,००,००० | |
| प्रोग्रेसिभ इनर्जि प्रा.लि.(संस्थापक) | १,००,००० | |
| मिजु इनर्जि प्रा.लि.(संस्थापक) | १,८०,००० | |

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यबस्थापकीय तहमा रहेका कर्मचारीमा भएको परिवर्तन भएमा सो स्रम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** विवरणपत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यबस्थापकीय तहमा रहेका कर्मचारीहरु देहायअनुसार परिवर्तन भएको:

| क्र. सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री अजय महेश्वरी | तेश्रो मुलुक निर्यात/ मार्केटिङ्ग, जि.एम | मिति २०८०/०७/२० गतेबाट कम्पनीको सेवाबाट स्वइच्छाले अलग भएको । |
| २. | श्री राहुल राजा | सहायक उपाध्यक्ष (आर एण्ड डि/एस. क्यू सि.) | मिति २०८०/०६/०१ गतेबाट कम्पनीको सेवाबाट स्वइच्छाले अलग भएको । |
| ३. | श्री नरेन्द्र अशोक यरुणकर | तेश्रो मुलुक निर्यात/ मार्केटिङ्ग, जि.एम | मिति २०८१/०१/०२ गतेबाट कम्पनीको सेवाबाट स्वइच्छाले अलग भएको । |
| ४. | श्री निरज कपिला | तेश्रो मुलुक निर्यात/ मार्केटिङ्ग, जि.एम | मिति २०८१/०१/०३ गतेबाट कम्पनीको सेवामा आवद्ध रहनु भएको । |
| ५. | श्री तपन कुमार गोस्वामी | नायव प्रमुख सञ्चालन अधिकृत | मिति २०८०/११/२९ गतेबाट कम्पनीको सेवामा आवद्ध रहनु भएको । |

**(ग) कर्मचारी संख्या :** कम्पनीमा कार्यरत कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :

| स्थायी | अस्थायी | ज्यालादारी | कुल कर्मचारी संख्या |
|---|---|---|---|
| १,९५० | ७४१ | १,१३७ | ३,८२८ |

**<u>नोट</u> : धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ५ उपदफा (१) मा भएको व्यवस्था बमोजिम संगठित संस्थामा कार्यरत ज्यालादारीका कर्मचारी बाहेकलाई शेयर बाँडफाँट गरिने छ ।**

**ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

बैठक भत्ता, भ्रमण भत्ता तथा अन्य सुविधा वापत सञ्चालकहरुलाई प्रदान गरिएको पारिश्रमिकको विवरण निम्न बमोजिम रहेको छ ।

बैठक भत्ता : नभएको ।

दैनिक भत्ता : स्वदेशको लागि नभएको, भारतको हकमा भा.रु.९,०००।- र तेस्रो मुलुकको हकमा यु.एस.डलर ५००।-

भ्रमण भत्ता : हवाई टिकट र होटेल खर्च वास्तविक विल बमोजिम ।

मोबाइल खर्च : बिल बमोजिम ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| **क्र. सं.** | **कर्मचारीको नाम** | **पद** | **एक आर्थिक वर्षको अवधिभित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम आ.व.२०७९/०८० (रु.)** |
|---|---|---|---|
| १. | श्री अक्षय गोल्याण | प्रबन्ध सञ्चालक | - |
| २. | श्री अनिल कुमार सोमानी | लेखा तथा वित्त प्रमुख/ज्वाइन्ट प्रेसिडेन्ट | ४९,११,५५३।- |
| ३. | श्री मनिश | भारत निर्यात र नेपाल बिक्री/(मार्केटिङ्ग) जि.एम. | २५,४७,६२४।- |
| ४. | श्री अजय महेश्वरी* | तेश्रो मुलुक निर्यात/मार्केटिङ्ग, जि.एम | २५,२०,०००।- |
| ५. | श्री रबिन्द्र बस्नेत | कम्पनी सचिव | १८,६७,४०८।- |
| ६. | श्री आश्विनी मित्तल | प्रमुख कार्य सञ्चालन अधिकृत | ३९,७४,४००।- |
| ७. | श्री महेश कुमार पोखरेल | भाइस प्रेसिडेन्ट (प्रशासन) | २५,७७,७५२।- |
| ८. | श्री मनोज कुमार कटियार** | भाइस प्रेसिडेन्ट (उत्पादन) | २४,०३,७५२।- |
| ९. | श्री सुरिन्दर जीत खुर्मि | भाइस प्रेसिडेन्ट (इन्जिनियरिङ्ग) | २३,६९,४४२।- |
| १०. | श्री राहुल राजा*** | सहायक उपाध्यक्ष (आर एण्ड डि/एस. क्यू सि.) | १७,१६,६९४।- |

* निज मिति २०८० कार्तिक २० गतेबाट कम्पनीको सेवाबाट अलग भएको ।

** निज मिति २०८१ बैशाख २६ गतेबाट कम्पनीको सेवाबाट अलग भएको ।

*** निज मिति २०८० आश्विन ०१ गतेबाट कम्पनीको सेवाबाट अलग भएको ।

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः**
हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८ अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा** :

कम्पनीले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गरिएको छ । यस सन्दर्भमा जोखिमहरुलाई कम्पनीको आन्तरिक वा व्यवसाय/उद्योगसँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रणभन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गरिएको छ । संगठित संस्थाले वहन गर्ने जोखिमहरु देहाय बमोजिम रहेका छन् :–

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- कम्पनी सञ्चालनमा आइसकेको साथै संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त भैरहेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- धागो उत्पादनको लागि चाहिने कच्चा पदार्थ कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकतानुसार मौज्दात राख्ने व्यवस्था मिलाएको ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम** :

- उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ भारत, चीन, थाइल्याण्ड, इन्डोनेशिया, कोरिया, अष्ट्रिया लगायतका देशहरुबाट अमेरिकी डलरमा आयात गरिने हुदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने र उक्त असरलाई न्यूनिकरण गर्न समय समयमा Forward Contract कार्यान्वयन गर्ने नीति लिइएको छ । निर्यातबाट प्राप्त हुने विदेशी मुद्राले खामेको हदसम्म विदेशी विनिमयको जोखिम कभरेज गरिने छ ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**

- हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- हाल मध्यपूर्व तथा रसिया र युक्रेन बीच चलिरहेको युद्धको कारणले विश्व बजार तथा युरोपियन बजारमा मन्दि आएको र जसले गर्दा विश्व नै आर्थिक मन्दिबाट गुज्रिरहेको अवस्था छ । विश्व अर्थतन्त्रमा आएको मन्दीको कारणले मुलुकको अर्थतन्त्र पनि अछुतो रहन नसकेको अवस्थामा कम्पनीको मुनाफा प्रभावित हुने जोखिम रहेको छ ।
- अर्न्तराष्ट्रिय बजारमा क्षेत्रीयकरण र विश्वव्यापिकरणका कारण उद्योगलाई आयात गर्नु पर्ने कच्चा प्रदार्थको मूल्यमा आउन सक्ने उतारचढावका कारण हुने जोखिम रहेको हुँदा सो लाई न्यूनिकरण गर्नका लागि समयमा नै कच्चा प्रदार्थहरु पर्याप्त मात्रामा मौज्दातमा राख्ने नीति कम्पनीको रहेको छ ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**

- कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा तथा छिमेकी मुलुकहरुबाट उत्पादन हुने धागो आयातमा कुने नीतिगत परिवर्तन हुन गएको अवस्थामा जोखिम हुने देखिन्छ ।

**(झ) सञ्चालन इतिहासको अभाव :**

- वि.सं. २०५१ मा कम्पनी स्थापना भई उद्योगले मिति २०५४/०४/०१ गतेबाट विभिन्न किसिमका धागो उत्पादन गर्दै आएको छ । कम्पनीमा रहेका सञ्चालक र व्यवस्थापकहरुसँग उद्योग सञ्चालन सम्बन्धी २९ वर्षभन्दा लामो अनुभव रहेकोले उक्त जोखिम नरहेको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

- कम्पनीले हाल प्रयोग गरिरहेको प्रविधिहरु उच्च गुणस्तरको रहेको तर विश्वव्यापी रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्था रहेमा कम्पनी समय सापेक्ष प्रविधिको अवलम्बन गर्न सक्षम रहेको छ ।

**(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**

- पुर्वाधार सम्बन्धी निर्माण सम्पन्न भैसकेकोले उक्त जोखिम नरहेको ।

**(ठ) अन्य :**

- दैवी प्रकोप, महामारी (कोरोना Covid-19) जस्ता काबु बाहिरको परिस्थिति उत्पन्न भई हुन सक्ने जोखिम ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु तथा विश्वव्यापी रुपमा आउन सक्ने आर्थिक मन्दीको जोखिम।
- पुँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**अन्य जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :**

सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्ने सम्बन्धमा यस कम्पनीले देहायका उपयाहरु अपनाउने छ ।

(१) कम्पनीले वितरकको नियुक्ती कानुन बमोजिमको करार सम्झौता गरी नियुक्त गर्ने गरिएको र वितरकहरुलाई उधारोमा सामान बिक्री गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राखी वाणिज्य बैंकहरुबाट कम्पनीको पक्षमा जारी हुने बैंक ग्यारेण्टी लिई बैंक ग्यारेण्टीको सीमाभित्र रही कारोवार गरी आएको हुँदा बिक्री गरेको र केहि ग्राहकहरुसँग उधारोमा विल जारी गर्नु पूर्व कम्पनीको नाममा खिचिएको चेक प्राप्त गरेपछि मात्र सामान अपलोड गरी पठाउने व्यवस्था मिलाइ बिक्री भएको सामानको रकम प्राप्त नहुने जोखिम न्यूनिकरण गरिएको ।

(२) उद्योगले परियोजना अनुरुप बैंकबाट कर्जा सुविधा उपयोग गरी कम्पनी सञ्चालनमा रहेको हुँदा बैंक कर्जा उपलव्ध हुन नसकेका कारण थप आर्थिक जोखिम नआउने व्यवस्था मिलाइएको । व्याजदर वृद्धिबाट हुन सक्ने थप आर्थिक जोखिमलाई कम्पनीले व्याज खर्च समेत उत्पादन लागतमा गणना गरी वस्तुको उत्पादन लागत निकाली मूनाफा समेत जोडी बिक्री मूल्य तय गरिने नीति अवलम्बन गरिएका कारणबाट थप जोखिम न्युनिकरण गरिएको । विदेशी विनिमयको दरमा हुने परिवर्तनबाट पर्न जाने प्रभाव यस प्रकृतिका सबै उद्योगमा रहने हुँदा कुनै परियोजना विशेषका लागि मात्रै नकारात्मक प्रभाव पर्ने देखिदैंन । कम्पनीले जडान तथा प्रयोग गरेको प्रविधि अत्याधुनिक प्रविधियुक्त रहेकोले तत्काल प्रविधिको परिवर्तनबाट पर्न जाने जोखिम न्यून रहेको छ ।

(३) सरकारको मूख्य नीति नै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना, विकास र विस्तार गरी देशमा आर्थिक विकास गर्ने भन्ने रहेको उद्योग मैत्री वातावरण कायम गर्न प्रतिवद्ध रहेको छ ।

(४)भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरण गर्न सम्पूर्ण सवारीका साधनहरु लगायत मेशिनरी पार्टपुर्जा, प्लान्ट उद्योग लगायत भवनहरु, कामदार, कर्मचारीहरुको बीमा गराएको छ ।

**जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेको छ :**

| सि. नं. | बीमा सम्बन्धी विवरण | | बीमा गरिएको कम्पनीका नाम | बीमाको वैधता (Validity) |
|---|---|---|---|---|
| १. | **बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००७ अन्तर्गत** | **बिमाङ्क रकम (रु.)** | | |
| (क) | Stock of All Raw Materials, Waste & All Finished products at Factory Premises, Khanar | १,७८,५०,००,०००।०० | | |
| (ख) | Stock of All Raw Materials, Waste & All Finished products at godown Building at Kathmandu | १,५०,००,०००।०० | | |
| | **जम्मा** | **१,८०,००,००,०००।००** | | |
| २. | **बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००४ अन्तर्गत** | | | |
| (क) | Stock of All Raw Materials, Waste & All Finished products at Factory Premises, Sunsari | ११,५०,००,०००।०० | | बीमाको वैधता अगष्ट ४, २०२३ देखि अगष्ट ३, २०२४ सम्म १ वर्षको लागि कायम रहेको छ । |
| (ख) | Stock of All Raw Materials, Waste & All Finished products at godown Building | ५०,००,०००।०० | | |
| | **जम्मा** | **१२,००,००,०००।००** | | |
| ३. | **बीमा लेख ९५०५०२ /८१/२३/२४/०४/३१००००५ अन्तर्गत** | | | |
| (क) | भवन परिसर (कम्पाउन्ड वाल सहित) | ३४,८४,६०,५६७।०० | | |
| (ख) | भवनभित्र रहेको सम्पत्ति (यन्त्र तथा उपरकरण) | १६,७६,८०,२३६।०० | | |
| (ग) | उद्योगमा रहेको अर्ध तयारी बस्त्र | ८०,००,०००।०० | | |
| (घ) | फर्निचर, फिक्स्चर्स तथा फिटिङ्गस | १७,०८,५३४।०० | | |
| (ङ) | उद्योगभित्र रहेको अन्य सरसामान | २४,७४,४०२।०० | | |
| | **जम्मा** | **५२,८३,२३,७३९।००** | | |
| ४. | **बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००६ अन्तर्गत** | | | |
| (क) | भवन परिसर (कम्पाउन्ड वाल सहित) | ३,००,४०,६४,४४८।०० | | |
| (ख) | भवनभित्र रहेको सम्पत्ति (यन्त्र तथा उपरकरण) | ८९,०२,६४,६४०४।०० | | |
| (ग) | उद्योगमा रहेको अर्ध तयारी बस्त्र | ३०,००,००,०००।०० | | |
| (घ) | फर्निचर, फिक्स्चर्स तथा फिटिङ्गस | ३,५३,७०,९८०।०० | | |
| (ङ) | उद्योगभित्र रहेको अन्य सरसामान | ३,०५,९९,०६५।०० | | |
| | **जम्मा** | **१२,२७,२६,८०,८९७।००** | | |
| ५. | **सामुहिक दुघर्टना बीमा (बीमा लेख ९५०५०२/४६/२२/२३/AIG/११००००२ अन्तर्गत)** | | | बीमाको वैधता अगष्ट १, २०२३ देखि जुलाई ३१, २०२४ सम्म १ वर्षको लागि कायम रहेको छ । |
| (क) | कार्यरत कर्मचारी एवं कामदारहरुको लागि | १,३२,००,०००।०० | | |
| | **(बीमा लेख ९५०५०२/४६/२३/२४/AIG/११००००१ अन्तर्गत)** | | | |
| | कार्यरत कर्मचारी एवं कामदारहरुको लागि | ३३,५४,००,०००।०० | नेशनल ईन्स्योरेन्स कम्पनी लि. काठमाण्डौ | |
| | **जम्मा** | **३४,८६,००,०००।००** | | |
| | **कुल बिमाङ्क रकम** | **१२,२२,१५,२३,५९९।००** | | |

**<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :</u>**

बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) बमोजिम शेयर बाँडफाँट गरी निर्धारण भएको कट अफ मूल्य रु.९१२।- मा सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था अनुसार सर्वसाधारणका लागि धितोपत्र जारी गर्दा १० प्रतिशत छुट दिने व्यवस्था अनुसार प्रति शेयर मूल्य रु.८२०।८० को दरले निष्काशन तथा बिक्री खुल्ला हुने भएकोले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लि.मा हुने कारोवार मूल्य नजनाउने भएको हँदा शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क.वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण** : यस कम्पनीको आ.व.२०७९/०८० को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नाफा-नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात** **(रकम रु. हजारमा)**

| विवरण | रकम (रु.) |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | ९४,५९,६४६ |
| पूँजीगत कार्य प्रगति | २,२६,७५८ |
| अधिकार प्रयोग सम्पत्ति | ५,१९७ |
| अमूर्त सम्पत्ति | १७९ |
| लगानी योग्य सम्पत्ति | - |
| वित्तीय सम्पत्ति | - |
| अन्य वित्तीय सम्पत्ति | २,३९६ |
| **जम्मा गैर चालु सम्पत्ति** | **९६,९४,१७६** |
| **चालु सम्पत्ति** | |
| मौज्दात | २५,६४,१०२ |
| वित्तीय सम्पत्ति | - |
| व्यापारबाट प्राप्त हुने | १२,९३,९४८ |
| नगद तथा नगद बराबरको मौज्दात | १,६०,८११ |
| अन्य वित्तीय सम्पत्ति | ४,९३,८१९ |
| अन्य स्थिर सम्पत्ति | २,७९,९५८ |
| हालको कर सम्पत्ति | १२,७९७ |
| **जम्मा चालु सम्पत्ति** | **४८,०५,४३६** |
| **जम्मा सम्पत्ति** | **१,४४,९९,६११** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| **वित्तीय दायित्व** | |
| ऋण सापटी | ३४,५२,५५५ |
| लिज दायित्य | ६,३१३ |
| अन्य वित्तीय दायित्व | १,८७५ |
| स्थगन कर दायित्व (खुद) | ७७,५४४ |
| व्यवस्था | १९,७३३ |
| **जम्मा गैर चालु दायित्व** | **३५,५८,०२०** |
| **चालु दायित्व** | |
| **वित्तीय दायित्व** | |
| सापटी | १४,३३,५८४ |
| व्यापार वापत तिर्नुपर्ने | ३,२६,१३० |
| लिज दायित्व | १,०३८ |
| अन्य वित्तीय दायित्व | १६,६९,१२७ |
| अन्य चालु दायित्व | २८,८३२ |
| चालु कर दायित्व (खुद) | - |
| नोक्सानी व्यवस्था | १,३८,७५९ |
| **जम्मा चालु दायित्व** | **३५,९७,४७१** |
| **जम्मा दायित्व** | **७१,५५,४९१** |
| **पूँजी** | |
| शेयर पूँजी | १७,०७,३४० |

| | |
|---|---|
| अन्य पूँजी | ५,६३,६७८० |
| जम्मा पूँजी | ७३,४४,१२० |
| **जम्मा दायित्व र पूँजी** | **१,४४,९९,६११** |

**नाफा नोक्सान हिसाव** (रकम रु. हजारमा)

| विवरण | रकम (रु.) |
|---|---|
| सञ्चालनबाट बाट आम्दानी | १,००,०५,८१० |
| बिक्री लागत | (८२,३७,१११) |
| **कूल नाफा** | **१७,६८,६९९** |
| अन्य आम्दानी | ३७,४८० |
| बिक्री तथा वितरण खर्च | (१,९१,५४४) |
| प्रशासनिक खर्च | (३,७४,२९१) |
| **सञ्चालन नाफा** | **१२,४०,३४३** |
| वित्तीय लागत | (२,४९,००६) |
| **नाफा/(घाटा)** | **९,९१,३३७** |
| आयकर खर्च | (६३,५१६) |
| नाफा/(घाटा) | ९,२७,८२१ |
| प्रति शेयर आम्दानी | ५४।३४ |

**अन्य विस्तृत आम्दानी** (रकम रु. हजारमा)

| विवरण | रकम (रु.) |
|---|---|
| यस वर्षको नाफा | ९,२७,८२१ |
| अन्य विस्तृत आम्दानी | |
| नाफा/नोक्सानमा रिक्लासिफाईड नगरिने वस्तुहरु | – |
| Revaluation of Land and Building | – |
| Net fair value (lossess)/Gain on Financial Assets | |
| Quoted Promoter Shares | – |
| Quoted Ordinary Shares | – |
| अन्य विस्तत आम्दानीमा स्थगन कर सम्पत्ति/(दायित्व) | |
| जम्मा विस्तृत आम्दानी | – |
| यस वर्षको जम्मा विस्तृत आम्दानी | **९,२७,८२१** |

**नगद प्रवाह विवरण** (रकम रु. हजारमा)

| विवरण | रकम (रु.) |
|---|---|
| **क. सञ्चालन गतिविधिहरुबाट नगद प्रवाह** | |
| आयकर अघिको नाफा | ९,९१,३३७ |
| **गैर नगद वस्तुहरुको लागि समायोजन** | |
| ह्रासकट्टी र परिशोधन | ३,६६,५८३ |
| **गैर सञ्चालन वस्तुहरुको लागि समायोजन** | |
| ब्याज खर्च | २,४९,००६ |
| अवास्तविक विनिमय (लाभ)/हानी | (५३९) |
| अचल सम्पत्तिको बिक्रीमा नाफा | (५७४) |
| सन्ड्री ब्यालेन्स राइट ब्याक | (१,०९४) |
| सन्ड्री ब्यालेन्स राइट अफ | ६६५ |
| ब्याज आम्दानी | (३,३१०) |
| लगानी आय | – |
| **प्राप्ती र भुक्तानीमा हुने परिवर्तन अघिको सञ्चालन मुनाफा** | **१६,०२,०७४** |
| ब्यापार र अन्य प्राप्तीमा (वृद्धि)/कमी | (६,९२,१८४) |
| मौज्दातमा (वृद्धि)/कमी | (६,४१,७८६) |

| | |
|---|---|
| चालु दायित्वमा वृद्धि/(कमी) | ९,१९,६१६ |
| गैर चालु सम्पत्तिमा (वृद्धि)/कमी | (७८५) |
| गैर चालु दायित्वमा वृद्धि/(कमी) | १,८८७ |
| **सञ्चालन गतिविधिबाट उत्पन्न नगद** | **११,८८,८२२** |
| आयकर भुक्तानी | (६५,१२६) |
| **सञ्चालन गतिविधिहरुबाट नगद प्रवाह** | **११,२३,६९६** |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | |
| सम्पत्ति र उपकरणको निसर्गबाट आय | १,०४० |
| सम्पत्ति र उपकरणको खरीद, पूँजीगत कार्य प्रगति र अमूर्त सम्पत्ति | (३०,७८,६४५) |
| ब्याज आम्दानी | ३,३१० |
| लगानी आय | – |
| **खुद नगद लगानी गतिविधिहरुबाट नगद प्रवाह** | **(३०,७४,२९५)** |
| **ग. वित्तीय गतिविधिहरुबाट नगद प्रवाह** | |
| शेयर निष्काशन | – |
| दीर्घकालीन ऋण वृद्धि/(कमी) | (२२,५२,२८२) |
| लिज दायित्वहरुको प्रमुख घटक | (५,५७४) |
| ब्याज भुक्तानी | (२,४९,००६) |
| लाभांश भुक्तानी | – |
| **वित्तीय गतिविधिहरुबाट खूद नगद प्रवाह** | **१९,९७,७०२** |
| नगद मौज्दात र नगद बराबरकोमा खुद वृद्धि | ४७,१०२ |
| शुरु नगद र नगद बराबर | १,१३,७०९ |
| **अन्तिम नगद र नगद बराबर** | **१,६०,८११** |

## इक्विटीमा भएको परिवर्तन

| विवरण | शेयर पूँजी | कम्पान्ड वित्तीय साधनहरुको ईक्वीटी कम्पोनेन्ट | रिजर्भ पूनर्मूल्याङ्कन | संचित मूनाफा | जम्मा |
|---|---|---|---|---|---|
| **२०७८ श्रावण १ मा ब्यालेन्स** | १७,०७,३४० | – | ३१,७३,८३९ | ११,७८,७९२ | ६०,५९,९७१ |
| २०७८/७९ | – | – | – | – | – |
| वर्षको सुरुमा | १७,०७,३४० | – | ३१,७३,८३९ | ११,७८,७९२ | ६०,५९,९७१ |
| यस वर्षको नाफा | – | – | – | १०,४३,५२१ | १०,४३,५२१ |
| अन्य विस्तृत आम्दानी | – | – | – | – | – |
| Change in fair value financial assets through OCI | – | – | – | – | – |
| Revaluation of Land and Building through OCI | – | – | – | – | – |
| स्थगन करको रिजर्भ | – | – | – | – | – |
| Change in accounting policy (on account of adoption of NFRS 16 leases) | – | – | – | (४,२५७) | (४,२५७) |
| Transfer to retained earning | – | – | (३७,६९४) | ३७,६९४ | – |
| जम्मा विस्तृत आम्दानी | – | – | – | – | – |
| **Transactions with owners:** | | | | | |
| साधारण शेयर लाभांश - अन्तिम | – | – | – | – | – |
| साधारण शेयर लाभांश - अन्तरिम | – | – | – | (१,७०,७३४) | (१,७०,७३४) |
| प्राथमिकता शेयर लाभांश | – | – | – | (५,१२,२०२) | (५,१२,२०२) |
| प्राथमिकता शेयर रुपान्तरण | – | – | – | – | – |
| शेयर पुँजीको जारी | – | – | – | – | – |
| **२०७९ आषाढ ३२ मा ब्यालेन्स** | १७,०७,३४० | – | ३१,३६,१४५ | १५,७२,८१४ | ६४,१६,२९९ |
| वर्षको सुरुमा | १७,०७,३४० | – | ३१,३६,१४५ | १५,७२,८१४ | ६४,१६,२९९ |
| यस वर्षको नाफा | – | – | – | ९,२७,८२१ | ९,२७,८२१ |
| अन्य विस्तृत आम्दानी | – | – | – | – | – |
| CSR Provision Written Back | – | – | – | – | – |

| | | | | | |
|---|---|---|---|---|---|
| Change in fair value financial assets through OCI | - | - | - | - | - |
| Revaluation of Land and Building through OCI | - | - | - | - | - |
| स्थगन कर को रिजर्भ | - | - | - | - | - |
| Change in accounting policy (on account of adoption of NFRS 16 leases) | - | - | - | - | - |
| Transfer to retained earning | - | - | (३७,६९४) | ३७,६९४ | - |
| जम्मा विस्तृत आम्दानी | - | - | - | - | - |
| **Transactions with owners:** | | | | | |
| साधारण शेयर लाभांश - अन्तिम | - | - | - | - | - |
| साधारण शेयर लाभांश - अन्तरिम | - | - | - | - | - |
| प्राथमिकता शेयर लाभांश | - | - | - | - | - |
| प्राथमिकता शेयर रुपान्तरण | - | - | - | - | - |
| शेयर पुंजीको जारी | | | | | |
| **२०८० आषाढ ३१ मा ब्यालेन्स** | १७,०७,३४० | - | ३०,९८,४५० | २५,३८,३३० | ७३,४४,१२० |

**सम्भावित दायित्व र प्रतिवद्धता :**

माथि प्रस्तुत गरिएको वित्तीय विवरणहरुमा कम्पनीको आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदनमा सम्भावित दायित्व र प्रतिवद्धता देहाय बमोजिम उल्लेख भएको छ :

१. माथि उल्लेख गरिएको वित्तीय विवरणमा कुनै पनि आकस्मिकताले कम्पनीको वित्तीय अवस्था, सञ्चालनको नतिजा वा नगद प्रवाहमा भौतिक रुपमा कुनै प्रतिकूल प्रभाव पार्ने छैन । कम्पनीको लागि नगद बहिर्गमनको समय अनुमान गर्न व्यवहारिक छैन र यदि छ भने पनि सम्बन्धित काम कारवाहीको सम्बन्धमा कम्पनीले यस सम्बन्धमा कुनै पनि प्रतिपूर्तिको अपेक्षा गर्दैन ।
कम्पनीले घोषणा गरेको सम्भावित दायित्व र प्रतिवद्धता निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**(रकम रु. हजारमा)**

| विवरण | आ.व. २०७९/०८० सम्म | आ.व. २०७८/०७९ सम्म |
|---|---|---|
| कन्टिन्जेन्ट दायित्वहरु | | |
| (क) परफरमेन्स ग्यारेन्टीहरु | (क) ८,३३,९६४ | (क) ५,५९,३९९ |
| (ख) अनएक्सपेक्टेड प्रतितपत्रहरु | (ख) ३,९७,०२९ | (ख) २२,७६,४०० |

२. नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रले मिति २०७५/१२/२८ गतेको पत्रमार्फत उद्योगलाई ३३ के.भी. खनारबाट डेडीकेटेड फिडर मार्फत विद्युत आपूर्ति भै रहेको र विद्युत महसुल संकलन बिनियामवाली, २०७३ को विनियम ५ (२) अनुसार डेडीकेटेडको महशुल दर अनुसार २०७३ भाद्रदेखि २०७५ चैत्रसम्म छुट हुन गएको भनी रकम रु.७३,४७,०८,८८५।४३ यथासिघ्र भुक्तानी गर्न पत्राचार गरेकोमा यस कम्पनीले अतिरिक्त प्रिमियम शुल्क तिरेर डेडीकेटेड फिडर मार्फत २४ सै घण्टा विद्युतको लागि कहिँ कतै निवेदन नदिएको, उद्योगले तोकिए अनुसार नियमित २४ सै घण्टा विद्युत खपत नगरेको, त्यस समयमा करिब ८ देखि १२ घण्टासम्म लोडसेडिङमा बसेको आन्तरिक रेकर्डबाट देखिएको, हुँदा हालको बिलिङ प्रक्रिया अनुसार TOD मिटरको विवरण माग गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रलाई लेखि पठाइएको । उद्योगले अतिरिक्त विद्युत उपभोग नै नगरेको अर्थात तिर्नु बुझाउनु नपर्ने छुट बिलको नाममा प्राप्त पत्रका सम्बन्धमा उद्योगको तर्फबाट नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय तथा वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रलाई विपक्षी बनाई मिति २०७८/०३/३१ गते श्री जिल्ला अदालत सुनसरीमा फिराद पत्र दर्ता गरिएकोमा सम्मानित अदालतबाट बहस पैरवी तथा प्रमाण बुझ्ने कार्यको निरन्तरता स्वरुप पछिल्लो पटक मिति २०८०/०१/०७ र मिति २०८०/०५/१३ गते विपक्षी नेपाल विद्युत प्राधिकरणको नाममा Connection Agreement, Time of Day (TOD) मिटरको DATA डाउनलोड सहित तथ्यगत प्रमाण पेश गर्नु भनि ८ बुँदे आदेश जारी भएकोमा प्राधिकरणबाट हालसम्म पनि TOD मिटरको DATA, Connection Agreement लगायतका कागजातहरु पनि पेश नगरेको अवस्था छ ।

१. निष्काशन कम्पनीले बुक बिल्डिङ्ग विधि मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागेको ११,५५,९६० कित्ता शेयर प्रति शेयर मूल्य रु.८२०।८० का दरले हुन आउने रकम रु.९४,८८,११,९६८।- (चौरानब्बे करोड अठासी लाख एघार हजार नौ सय अरसाठ्ठी मात्र) बराबरको साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम प्रत्याभूति गर्न प्रत्याभूतिकर्ताहरु मञ्जूर गर्दछौ ।

२. प्रत्याभूतिकर्ता, जो नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी हुन्, निष्काशन कम्पनीको सर्वसाधारणमा निष्काशन गरिने शेयर प्रत्याभूति गर्ने गराउने प्रबन्ध गर्न कानूनी रुपमा सक्षम र आधिकारिक संस्था हुन् ।

३. प्रत्याभूतिकर्ताको दायित्व निजले खरिद गर्न मञ्जूर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । निष्काशन कम्पनीको शेयर सर्वसाधारणहरुमा निष्काशन गर्दा सम्पूर्ण शेयरका लागि पूर्ण रुपमा खरीदका लागि आवेदन प्राप्त भएपछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

४. यस सम्झौतापत्रको समयावधि सम्झौता भएको मितिले ६ महिनासम्मको लागि मात्र मान्य हुनेछ । साथै उक्त समयावधि भित्र शेयर निष्काशन हुन नसकि समयावधि थप गर्नु पर्ने भएको खाण्डमा प्रति महिना रु.५०,०००।-(अक्षरेपि पचास हजार मात्र) का दरले प्रत्याभुति रकम गणना गरि थप ६ (छ) महिना सम्मको समयावधिका लागि यसै सम्झौता मान्य रहने छ । यदि उक्त अवधि भित्र शेयर निष्काशन हुन नसकेको अवस्थामा दुबै पक्ष बिचमा आपसि सहमतिमा पुनः पुरक समझौता गर्न सकिने छ ।

५. प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्ताहरुलाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६. निष्काशन कम्पनीको काबु बाहिरको परिस्थिती सिर्जना भएमा, नियमनकारी निकायले निष्काशन कम्पनी नियन्त्रणमा लिएमा, तत्काल सुधारात्मक कारवाही शुरु गरेमा, तत्काल असुली कारवाही र टाट पल्टेमा, सञ्चालन इजाजत खारेज भएमा, कुनै पनि अपराधिक/जालसाँजीजन्य/वित्तीय अनियमिततामा सहभागी भएमा, कुनै सरकारी/नियमनकारी निकायले निष्काशन कम्पनीको काम कारवाही/उद्देश्यलाई रोकेमा वा निलम्बन गरेमा सम्झौतापत्र मान्य हुने अवधि वा खरिद प्रत्याभूति सम्झौता कार्यान्वयन हुनु अगावै कुनैपनि बिन्दुमा यस सम्झौतापत्र खारेज भएको मानिनेछ । यस्तो अवस्थामा प्रत्याभूतीकर्ताहरुले शेयर प्रत्याभूति सेवा प्रदान गरे वापत प्राप्त गरेको रकम भने फिर्ता गर्नुपर्ने छैन ।

७. निष्काशन कम्पनीले निष्काशन गर्न लागिएको शेयरको निष्काशन तथा बिक्री खुल्ला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको घटना घटेमा जस्तैः कुनै कानूनी कारवाही परेमा, सञ्चालक समितिमा सारभुत परिवर्तन भएमा, सञ्चालकहरु वा १% भन्दा बढी शेयर धारण गर्ने संस्थापकहरु कर्जा सूचना केन्द्रको कालोसूचीमा परेमा वा Force Majeure जस्तैः भूकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक विपत्ती, बन्द, हड्ताल जस्ता कारणले ठूलो नोक्सानी व्यहोर्नु पर्ने भएमा, महामारीको कारणले असामान्य अवस्था उत्पन्न भएमा वा दायित्व श्रृजना भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै यथाशिघ्र लिखित रुपमा प्रत्याभूतिकर्ताहरुलाई जानकारी गराउनु पर्नेछ । त्यसबाट आउन सक्ने जोखिमको पूनर्मूल्याङ्कन गरे पश्चात् मात्र सम्बन्धित पक्षहरुको सहमतिमा यस सम्झौतापत्रको पालना गर्न गराउन निष्काशन कम्पनी मञ्जुर गर्दछ ।

८. निष्काशन कम्पनी तथा प्रत्याभूतिकर्ताहरुको मञ्जूरीबाट यस सम्झौतापत्रमा भएका शर्तहरु परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र यस्ता परिवर्तनहरु यस सम्झौतापत्रको अभिन्न अङ्ग मानिनेछ ।

९. यस सम्झौतापत्रको व्याख्यामा कुनै विवाद वा विभेद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ । यदि सम्बन्धित पक्षहरुको आपसी सल्लाह समझदारीबाट विवाद सम्पन्न हुन नसकेमा प्रचलित कानून बमोजिम सो को समाधान गरिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

कम्पनीले आफ्नो जारी पूँजी रु.१,९०,००,००,०००।-(अक्षरेपी एक अर्व नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक बिल्डिङ विधि मार्फत सार्वजनिक निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर योग्य संस्थागत लगानीकर्तालाई बुक बिल्डिङ्ग विधि मार्फत सार्वजनिक निष्काशन गरी बाँडफाँट भए पश्चात् बाँकी रहेको ११,५५,९६० कित्ता शेयर सर्वसाधारण (बैदेशिक रोजगारीमा रहिरहेका

नेपाली नागरिक, कम्पनीमा कार्यरत कर्मचारीहरु र सामूहिक लगानी कोषहरु समेत) मा सार्वजनिक निष्काशन गरिने भएकोले निम्न बमोजिमको प्रक्रिया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सकिनेछ :-

**वैदेशिक रोजगारीमा रहिरहेको नेपाली नागरिकहरुको हकमा :**

१) यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (Remittance) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

२) निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (Remittance) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

३) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

४) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम २०,००० (बीस हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

१) कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२) आवेदकले सि-आस्बा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३) आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची-४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ ।

४) आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची-४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५) आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६) आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

   क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ।
   ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम ।
   छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

८) आवेदकले आवेदन दिँदा सि-आस्बा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormat) रहेको हुनहुँदैन ।

९) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११) धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२) धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ ।

१४) शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात् बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम २०,००० (बीस हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

**कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी :** श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमलादी गणेशस्थान, काठमाण्डौं । | कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ । |
| २. | **निष्काशन तथा बिक्री प्रबन्धक :** श्री ग्लोबल आइएमई क्यापिटल लि.,नक्साल, काठमाण्डौं । | |
| ३. | **नेपाल धितोपत्र बोर्डको वेवसाइट :** www.sebon.gov.np | विवरणपत्र हेर्न सकिनेछ । |

## ग.११. सम्बन्धित पक्ष बीचको कारोवार सम्बन्धी विवरण :

निष्काशनकर्ता कम्पनी र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको कम्पनीसँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा कम्पनी सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) **कम्पनीको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत कम्पनी नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

कम्पनीले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना** :

अ) कम्पनीको आ.व.२०७९/०८० को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न एपिएम एण्ड एशोसिएट्सका चार्टड एकाउण्टेन्ट्सलाई नियुक्त गरिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लि., कान्तिपथ, काठमाण्डौं । | GICL-BTI Reliance Spinning Mills IPO | 00101010079107 |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम कम्पनीले तयार गरेको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एस.ए.आर. एसोशिएट्स, विशालनगर, काठमाण्डौं रहनु भएको छ ।

(**ख**) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु : सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण** :

उद्योग पूर्ण रुपमा सञ्चालनमा आइसकेको र हाल उद्योगको क्षमता अभिवृद्धिको लागि विभिन्न बैंकबाट लिएको कोष तथा गैरकोष कर्जाको भुक्तानीका लागि यस कम्पनीले विद्यमान उद्योगबाट उत्पादित धागो स्वदेश तथा विदेशमा बिक्री वितरण गरेको आम्दानीबाटनै चुक्ता गर्ने लक्ष्य लिएको छ । निष्काशनबाट प्राप्त हुने रकमबाट उक्त कर्जा भुक्तानीमा प्रयोग हुने छैन । **(२०८० चैत्र मसान्तसम्म)**

**(रकम रु. लाखमा)**

| बैंकको नाम | कोषमा आधारित | | गैह्र कोषमा आधारित | | कूल कोष र कूल गैह्र कोषमा आधारित | | दीर्घकालिन कर्जा | | कूल सीमा | कूल प्रयोग |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सीमा | प्रयोग | सीमा | प्रयोग | सीमा | प्रयोग | सीमा | प्रयोग | | |
| ग्लोबल आइएमई बैंक लि. | २,५५० | ३ | ६,२५० | ४,९६५ | ८,८०० | ४,९६८ | - | - | ८,८०० | ४,९६८ |
| कुमारी बैंक लि. | ३,७०० | ५९४ | ३,००० | १,८७७ | ६,७०० | २,४७१ | - | - | ६,७०० | २,४७१ |
| राष्ट्रिय वाणिज्य बैंक लि. | ३,४०० | ३,३९५ | २,९५० | २,१४८ | ६,३५० | ५,५४३ | १८,००० | १५,९२५ | २४,३५० | २१,४६८ |
| नेपाल बैंक लि. | १,९०० | ६,२६८ | २,३०० | ९६५ | ४,२०० | ७,२३३ | १४,५०० | १२,६२५ | १८,७०० | १९,८५८ |
| नेपाल एसबिआई बैंक लि. | १,४५० | ३८२ | ९०० | १,२११ | २,३५० | १,५९३ | - | - | २,३५० | १,५९३ |
| नबिल बैंक लि. | ४,००० | ३,९७० | ५,००० | ३,३७७ | ९,००० | ७,३४७ | ७,५०० | ६,९६३ | १६,५०० | १४,३१० |
| सिद्धार्थ बैंक लि. | - | - | २,६०० | २,५९० | २,६०० | २,५९० | - | - | २,६०० | २,५९० |
| लक्ष्मी सनराइज बैंक लि. | २,५०० | - | ६,३०० | २,६१३ | ८,८०० | २,६१३ | - | - | ८,८०० | २,६१३ |
| सिटिजन्स बैंक इन्टरनेसनल लि. | ३,००० | - | १,००० | ३,६९६ | ४,००० | ३,६९६ | - | - | ४,००० | ३,६९६ |
| प्रभु बैंक लि. | १,२५० | - | १,७५० | २,८७९ | ३,००० | २,८७९ | - | - | ३,००० | २,८७९ |
| **जम्मा** | **२३,७५०** | **१४,६१२** | **३२,०५०** | **२६,३२१** | **५५,८००** | **४०,९३३** | **४०,०००** | **३५,५१३** | **९५,८००** | **७६,४४६** |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रले मिति २०७५/१२/२८ गतेको पत्रमार्फत उद्योगलाई ३३ के.भी. खनारबाट डेडीकेटेड फिडर मार्फत विद्युत आपूर्ति भै रहेको र विद्युत महसुल संकलन बिनियामवाली, २०७३ को विनियम ५ (२) अनुसार डेडीकेटेडको महसुल दर अनुसार २०७३ भाद्रदेखि २०७५ चैत्रसम्म छुट हुन गएको भनी रकम रु.७३,४७,०८,८८५।४३ यथासिघ्र भुक्तानी गर्न पत्राचार गरेकोमा यस कम्पनीले अतिरिक्त प्रिमियम शुल्क तिरेरे डेडीकेटेड फिडर मार्फत २४ सै घण्टा विद्युतको लागि कही कतै निवेदन नदिएको, उद्योगले तोकिए अनुसार नियमित २४ सै घण्टा विद्युत खपत नगरेको, त्यस समयमा करिब ८ देखि १२ घण्टा सम्म लोडसेडिङमा बसेको आन्तरिक रेकर्डबाट देखिएको, हुँदा हालको बिलिङ्ग प्रक्रिया अनुसार TOD मिटरको विवरण माग गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रलाई लेखि पठाइएको । उद्योगले अतिरिक्त विद्युत उपभोग नै नगरेको अर्थात तिर्नु बुझाउनु नपर्ने छुट बिलको नाममा प्राप्त पत्रका सम्बन्धमा उद्योगको तर्फबाट नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय तथा वितरण तथा ग्राहक सेवा इटहरी केन्द्रलाई विपक्षी बनाई मिति २०७८/०३/३१ गते श्री जिल्ला अदालत सुनसरीमा फिराद पत्र दर्ता गरिएकोमा सम्मानित अदालतबाट बहस पैरवी तथा प्रमाण बुझ्ने कार्यको

निरन्तरता स्वरुप पछिल्लो पटक मिति २०८०/०१/०७ र मिति २०८०/०५/१३ गते विपक्षी नेपाल विद्युत प्राधिकरणको नाममा Connection Agreement, Time of Day (TOD) मिटरको DATA डाउनलोड सहित तथ्यगत प्रमाण पेश गर्नु भनि ८ बुँदे आदेश जारी भएकोमा प्राधिकरणबाट हाल सम्म पनि TOD मिटरको DATA, Connection Agreement लगायतका कागजातहरु पनि पेश नगरेको अवस्था छ । नेपाल विद्युत प्राधिकरणको बक्यौता बिद्युत महशुलका सम्बन्धमा कसरी गणना भएको हो त्यस सम्बन्धमा कुनै पनि जानाकारी प्राप्त नभएको तथा सो महशुल गणना सम्बन्धमा कम्पनी समेत अनबिज्ञ रहेको छ । यस कम्पनीले नेपाल विद्युत प्राधिकरणबाट मिति २०७५/१२/२८ गते प्राप्त पत्रमा उल्लेख भएको विद्युत महशुलकै बिषयलाई लिएर सम्मानीत सुनसरी जिल्ला अदालतमा मुद्धा दायर गरि हालसम्म पनि मुद्धा विचारधिन अवस्थामा नै रहेको ।

नेपाल सरकारले डेडिकेटेड तथा ट्रंकलाईन महशुल विवाद समाधानका लागि मिति २०८०/०९/२४ गते मन्त्रिपरिषदले निर्णय गरि पुर्व न्याधिस गिरिशचंन्द्र लाल दाशको संयोजकत्वमा नियमानुसार जाँचबुझ आयोग गठन गरेको थियो । सो आयोगले मिति २०८१/०१/२५ गतेको समयसिमा भित्र कार्य गरि नेपाल सरकारलाई प्रतिवेदन बुझाएको थियो । सो आयोगले प्रतिवेदन तीन खण्डमा बर्गिकरण गरिएको भन्ने खवर सञ्चार माध्यमबाट बाहिर आएका छन् ।

- पहिलो अवधि २०७२ साउनदेखि २०७२ पुससम्म सो समयमा विवाद नभएको ।
- दोश्रो आवधि २०७२ माघदेखि २०७५ बैशाखसम्मको समायावधि भित्र नेपाल बिद्युत प्राधिकरणबाट संबन्धित औद्योगिक ग्राहकहरुलाई लोडसेडिङ्गको समयमा समेत काबु वहिरको अबस्थामा अर्थात मर्मत सुधारका लागि आपुर्ति नहुन अनिवार्य परिस्थिती बाहेक महसुल निर्धारणका लागि, निर्धारण आयोग र प्राधिकरण स्वयमले निर्धारण गरेको डेडिकेटेड लाईनका मापदण्डहरुमा निरन्तर २४ घण्टा आपुर्ति हुनु पर्नेमा कायम रहि निरन्तर बिद्युत आपुर्ति भएका दिन तथा अवधिहरु टि.ओ.डि. मिटरका आधारमा डेडिकेटेड लाईनको महशुल छुट भएका, महशुल लिन र लोडसेडिङ्गको सूचना समेत ध्यानमा राखि विद्युत आपुर्ति भएको दिन तथा अवधि टि.ओ.डि. मिटरका आधारमा समयावधि एकिन गरि पुनः हिसाव गरि छुट महशुल लिन प्रतिबेदनमा उल्लेख भएको कुरा आमसंञ्चार माध्यमहरुवाट बाहिर आएका छन् ।
- तेश्रो अवधि २०७५ जेठदेखि २०७७ असारसम्म नेपाल बिद्युत प्राधिकरणले २०७५ बैशाख २१ गते देखि लागु हुने गरि औद्योगिक ग्राहक समेतलाई लोडसेडिङ्ग अन्त भएको सूचना जारी गरिएको ।

तसर्थ, जाँचबुझ आयोगले सरकारलाई प्रतिबेदन बुझाई सकेको अवस्था र सरकारले पनि सो प्रतिबेदन कार्यन्वयन गर्ने भनि मन्त्री परिषदबाट निर्णय भईसकेको छ भन्ने खवरहरु बिभिन्न सञ्चार माध्यमहरुबाट बाहिर आएको छ । सो प्रतिवेदन कार्यन्वयन हुनेमा कम्पनी विश्वस्त छ । प्रतिबेदन अनुसार समयावधि एकिन गरि पुनः छुट बिल भई आएमा कम्पनीले तिर्नु पर्ने बिद्युत महशुल न्यून (Nominal) हुनेछ । नेपाल बिद्युत प्राधिकरणको प.स.२०८०/०८१, चं.नं १७७१, मिति २०८१/०३/०९ गतेको पत्र प्राप्त भएको र सो पत्रमा महसुल बापतको रकम रु.७५,३६,८४,३३५।- (अक्षेरेपि पचहत्तर करोड छतिस लाख चौरासि हजार तिन सय पैतिस रुपैया मात्र) उल्लेख गरिएको छ । यदि उल्लेखित बिद्युत महसुल कानुनसंमत तिर्नु परेको खण्डमा पनि कम्पनीको प्रति शेयर नेटवर्थ रु.१७२।४४ हुनेछ ।

नेपाल विद्युत प्राधिकरणले यस उद्योगमा जडान गरेको लाईनमा उद्योगले ने वि.प्रा. लाई बाँकि तिर्नु पर्ने कुनै पनि शुल्क महशुल नभएको र नरहेको, विजक अनुसार विद्युत महशुल भुक्तानी समयमा नै दिँदै आएको हुँदा श्रृजना गरिने कुनै पनि शुल्क महशुल नरहेको मिटरमा उठेको विद्युत महशुल हरेक महिनामा नै भुक्तानी गरिरहेको छ । सो सँग सम्बन्धित कुनै पनि सम्झौता समेत उल्लेख नभएको हुँदा बक्यौता महसुलको आजको मितिसम्म पनि सुनसरी जिल्ला अदालतमा मुद्धा हुँदा मुद्धाको किनारा नलागेको हुँदा संभावित दायित्वलाई घद्धभद्ध अन्तर्गत संभावित दायित्वको रुपमा लिइएको र वित्तीय विवरणमा उक्त सम्भावित दायित्वबाट श्रृजना हुने रकमको व्यवस्था (Provision) गरिएको छैन ।

**(ख)संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः**कुनै पनि मुद्दा नरहेको।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाँय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

**(घ)संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१.निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री रबिन्द्र बस्नेत - फोन नं.०१-५३४१८५३, ०१-५३२६०८१ तथा इमेलः info@reliancespinningnepal.com।

२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. -०१-५९७०१३८ तथा इमेलः info@gicl.com.np।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण** : सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क)** विशेषज्ञको कुनै राय भएमा, सो को विवरण : यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व.हरुको लेखापरिक्षण भईसकेका वित्तीय विवरणहरु, उद्योगको लागत तथा उत्पादित वस्तुको स्वेदशी तथा विदेशी बजार हिस्सा, उद्योगको उत्पादन क्षमता, बिक्री एजेन्टहरुसँग भएका सम्झौताहरु, बैंकबाट लिइएका कर्जाहरु, नयाँ बजारको खोजी, कम्पनीका सञ्चालक तथा व्यवस्थापनको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेन्ट संस्था श्री एस.ए.आर. एसोशिएट्सले प्रमाणित गर्नु भएको छ ।

**(ख)** गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :
**सञ्चालक:** विगत ३ आर्थिक वर्षभित्र सञ्चालक परिवर्तन नभएको ।
**लेखापरीक्षक** :

| क्र.सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.व. |
|---|---|---|
| १. | सि.ए. श्री प्रविण सरावगी, श्री एपिएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, त्रिपुरेश्वर, काठमाण्डौं । | आ.व.२०७७/७८ |
| २. | सि.ए.श्री प्रविण सरावगी, श्री एपिएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, त्रिपुरेश्वर, काठमाण्डौं । | आ.व.२०७८/७९ |
| ३. | सि.ए.श्री प्रविण सरावगी, श्री एपिएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स, त्रिपुरेश्वर, काठमाण्डौं । | आ.व.२०७९/८० |

**(ग)** **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :** मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १८, हर्नामाडी स्थायी घर भई हाल काठमाण्डौं जिल्ला किर्तिपुर न.पा. वडा नं. १, ट्याङ्गलाफाँट बस्ने कानून विषयमा एल.एल.बि, अर्थशास्त्रमा एम.फिल. तथा शिक्षाशास्त्रमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरी प्रतिष्ठित औद्योगिक घरानामा १३ वर्षको कार्यानुभव एवं शिक्षण पेशामा १० वर्षको अनुभव प्राप्त श्री रबिन्द्र बस्नेत कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ)** **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण** : कम्पनीको सञ्चालक समितिको मिति २०७७/१२/१० गते बसेको ३१८(क) औं बैठकले जारी पूँजी रु.१,९०,००,००,०००।०० बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको १,९०,००,००० कित्ता शेयरको १०.१४ प्रतिशतले हुन आउने १९,२६,६०० कित्ता शेयर [बुक विल्डिङ्ग विधिबाट सार्वजनिक निष्काशन गर्दा कूल निष्काशित धितोपत्रको ४० प्रतिशत शेयरले हुने ७,७०,६४० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुका लागि र ६० प्रतिशतले हुने ११,५५,९६० कित्ता शेयर सर्वसासाधारणको लागि (कम्पनीका कर्मचारीहरु समेत)] सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा विशेष साधारणसभामा सो सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै** विशेष **कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
नेपालका कुनै पनि उद्योगबाट उत्पादित वस्तु भारत तथा तेस्रो मुलुक निर्यात गर्दा नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० देखि निर्यात बिक्रीको ४ प्रतिशत र यदि वार्षिक रु.५० करोड भन्दा माथि निर्यात गरेको खण्डमा निर्यात बिक्रीको ८ प्रतिशतसम्म निर्यात अनुदान दिने व्यवस्था रहेको छ । साथै, आयकर ऐन, २०५८ को दफा (११) मा रहेको व्यवस्था बमोजिम उद्योगबाट उत्पादित धागो स्वदेशमा बिक्री गर्दा बिक्री आयमा १२.६० प्रतिशत र भारत तथा तेस्रो मुलुकमा बिक्री गर्दा बिक्री आयमा ८ प्रतिशतका दरले कर गणना गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

**१.** कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय, का.म.न.पा.वडा नं. २८, गणेशस्थान, कमलादी, काठमाण्डौं ।

**२.** धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, का.म.न.पा.वडा नं. १, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :** धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ र बुक बिल्डिङ्ग निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार गरिने छ ।

**(झ)कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा

पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। कम्पनीका कुनै पनि सञ्चालक तथा आधारभुत शेयरधनीहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ। कम्पनीको मिति २०८०/०७/२३ मा बसेको ३६७ औं बैठकको निर्णयानुसार मिति २०८०/०८/१३ मा सम्पन्न २९ औं वार्षिक साधारणसभाले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण र नगद प्रवाह विवरण पारित गरेको र वार्षिक साधारणसभाहरु नियमित रुपमा सम्पन्न गरेको छ। साथै, यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७९/०८० सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस कम्पनी अद्यावधिक रहेको ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/१७ गतेको पत्रबाट प्राप्त भएको छ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट **Issuer Rating** गराईएको र कम्पनीले **"[CARE-NP A – (Is)" "[Single A Minus (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ। **"[CARE-NP A – (Is)" "[Single A Minus (Issuer)]"** ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड **"CARE-NP AAA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ। इस्युअर रेटिङ्ग बहाल रहने मिति २०८१/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२४) सम्म रहेको छ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ।

(ड) **सकारात्मक पक्षहरु :**

१. निजी क्षेत्रको लगानीमा खुलेको झण्डै २९ वर्ष पुरानो लिमिटेड कम्पनी भएको।
२. देशमा व्यापार घाटा र बैदेशिक ऋणको भारको मारमा नेपाली जनता र आयातमुखी देशको वर्तमान आर्थिक अवस्थामा यस कम्पनीले आफ्नो उत्पादनको करीब ७०–७५ प्रतिशत हिस्सा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने ठूलो निर्यातमुखी उद्योगको रुपमा रहेको।
३. करीब ३,८०० भन्दा बढी कामदार तथा कर्मचारीलाई प्रत्यक्ष रोजगार दिने मुलुकको ठुलो रोजगारदाता कम्पनीको रुपमा रहेको।
४. विश्वस्तरको उच्च प्रविधियुक्त मेशिन तथा उपकरण जडित उद्योगको रुपमा रहेको।
५. उच्च गुणस्तरिय विभिन्न धागो उत्पादन गर्ने उद्योगको रुपमा रहेको।
६. उच्च व्यवस्थापकिय व्यवस्थापन तथा दक्ष अनुभवी कर्मचारीहरु तथा कामदारहरु रहेको।

**(ढ)** बैंकिङ्ग वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनुपर्ने छ :

**धितोपत्र निष्काशन तथा दर्ता नियमावली, २०७३ को नियम (९) को उपनियम (३) का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :-**

| **क्र.सं.** | **शर्तहरु** | **पालना भए/नभएको** |
|---|---|---|
| क. | पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक आर्थिक वर्षको अवधि पूरा गरेको। | कम्पनी मिति २०५१/०१/२८ गते कम्पनी दर्ता नं. ६२/५०/५१ कम्पनी रजिष्ट्रारको कार्यालयमा लिमिटेड कम्पनीको रुपमा दर्ता भएको र आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको छ। |

| | | |
|---|---|---|
| ख. | प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०८०/०८/१३ गते सम्पन्न २९ औं वार्षिक साधारण सभाबाट चार्टर्ड एकाउण्टेण्ट संस्था श्री एपिएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, त्रिपुरेश्वर, काठमाण्डौंका सि.ए.श्री प्रविण सरावगीलाई कम्पनीको आ.व.२०७९/०८० को लागि लेखापरिक्षक नियुक्त गरिएको । |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | रिलायन्स स्पिनिङ्ग मिल्स लि. मिति २०५१/१२/०६ गते उद्योग विभागबाट मुल उद्योग 'ए' को रुपमा उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १८८२/०५१) प्राप्त गरेको । साथै शाखा उद्योग 'बि' को रुपमा (उद्योग दर्ता नं.१६००।१४।०६९।७०) मित २०६९/०४/०९ गते उद्योग विभागबाट अनुमति लिई कार्य सञ्चालन गर्दै आएको छ । |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | उक्त कार्यहरु सम्पन्न भईसकेको । |
| ङ. | उत्पादन प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रक्रिया अगाडि बढाई सकेको । | लागू नहुने । |
| च. | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको । | निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापिटल लि. सँग मिति २०७७/११/२६ मा सम्झौता तथा मिति २०७८/०२/३० गते पुरक सम्झौता भएको । |
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | लागू नहुने । |
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको । |
| झ. | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | यस कम्पनी र राष्ट्रिय वाणिज्य बैंक लि., नेपाल बैंक लि., नबिल बैंक लि., कुमारी बैंक लि., सिटिजन्स बैंक इन्टरनेसनल लि., प्रभु बैंक लि., नेपाल एसबिआई बैंक लि., बैंक अफ काठमाण्डू लि., लक्ष्मी बैंक लि., सिद्धार्थ बैंक लि. र सनराइज बैंक लि. विच पूरक सहवित्तीयकरण सम्झौता मिति २०७७/०६/०४ गते सम्पन्न भएको । |
| ञ. | जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेका । | लागू नहुने । |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको । | सर्वसाधारणमा जारी हुन बाँकी ६० प्रतिशत अर्थात ११,५५,९६० शेयरका लागि प्रत्याभूति सम्झौता गरिसकिएको । |

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** : नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि** : यस विवरणपत्र मार्फत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन मात्र

हुनेछ र सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ दिन र बढीमा १५ दिनसम्म खुल्ला रहनेछ ।

**(थ)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेडको वेभसाइटःwww.globalimecapital.com तथा निष्काशनकर्ता कम्पनी रिलायन्स मिल्स स्पिनिङ्ग मिल्स लिमिटेडको वेभसाइटः www.reliancespinningmills.com मा बिक्री बन्द नभएसम्म राखिनेछ ।

**(द) बुक विल्डिङ्ग निर्देशिका, २०७७ को अधिनमा रही योग्य संस्थागत लगानीकर्तालाई बोलकबोल प्रणाली मार्फत निष्काशन गरिएको ७,७०,६४० कित्ता शेयर सोही निर्देशिकाको दफा (१३) मा भएको व्यवस्था अनुसार बाँडफाँट गरिएको र सो सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :-**

१. कम्पनीको जारी पूँजी रु.१,९०,००,००,०००।-(अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (११) बमोजिम बुक विल्डिङ्ग विधि मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त तथा नेपाल स्टक एक्सचेञ्ज लि. मा दर्ता (नविकरण समेत) भएका योग्य संस्थागत लगानीकर्तं कम्पनीहरुलाई मिति २०८०/१०/१० गतेदेखि मिति २०८०/१०/१४ गतेसम्म जम्मा चार (४) कार्य दिनको समयावधि दिई बिक्री मूल्य सीमा रु.६०८।- देखि रु.९१२।- भित्र रही नेपाल स्टक एक्सचेञ्ज लि. मा बोलपत्र फाराम बुझाउने गरी गोप्य शीलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको थियो ।

२. तोकिएको समयावधिभित्र ६४ योग्य संस्थागत लगानीकर्ताहरुबाट प्राप्त ६४ थान गोप्य शीलबन्दी बोलपत्र फारामहरु मिति २०८०/१०/१५ गते सोमबार विहान ८:०० बजे नेपाल स्टक एक्सचेञ्ज लि. को कार्यालयमा नेपाल स्टक एक्सचेञ्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ्ग लि., निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रबन्धक र बोलपत्र पेश गर्ने मध्येका योग्य संस्थागत लगानीकर्ताहरु समेतको रोहवरमा खोली मुचुल्का उठाइएको थियो ।

३. प्राप्त भएका गोप्य शीलबन्दी बोलपत्रहरुको आवश्यक रुजु र छानविन पश्चात् १८ वटा योग्य संस्थागत लगानीकर्ताले पेश गरेको बोलपत्र फारम बाँडफाँटमा समावेश गर्न योग्य रहेको ठहर गरी तथा बोलकबोल प्रस्ताव बमोजिम खरीद गर्न कबोल गरेको रकम निष्काशन तथा बिक्री प्रयोजनका लागि ग्लोबल आइएमई बैंक लि. मा खोलिएको बैंक खाता GICL-BTI Reliance Spinning Mills IPO (खाता नं. 00101010079107) मा जम्मा भैसके पश्चात बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १३ को उपदफा (१) बमोजिम रु.६०८।- देखि रु.९१२।- सम्म बोलकबोल प्रस्ताव पेश गर्ने ६४ वटा योग्य संस्थागत लगानीकर्तामध्ये अधिकतम मूल्य प्रस्ताव गरी बाँडफाँटको लागि योग्य १८ वटा योग्य संस्थागत लगानीकर्तालाई बाँडफाँट गर्दा निष्काशित शेयर पूर्ण रुपमा बिक्री हुने भएकोले कट अफ मूल्य रु.९१२।- (अक्षरेपी नौ सय बाह्र मात्र) निर्धारण गरिएको र सोही निर्देशिकाको दफा १३ बमोजिम योग्य संस्थागत लगानीकर्तालाई कट अफ मूल्य रु.९१२।- मा देहाय अनुसार समानुपातिक रुपमा बाँडफाँट गरिएको छ :-

| क्र.सं. | बोलकबोल फाराम दर्ता नं. | योग्य संस्थागत लगानीकर्ताको नाम | बोलकबोल रकम (प्रति शेयर रु.) | बोलकबोल शेयर संख्या | जम्मा रकम (रु.) | बाँडफाँटमा परेको शेयर संख्या | प्रति शेयर मूल्य (कट अफ मूल्य) | बाँडफाँट भएको जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | नबिल स्टक डिलर लि. (साविक नबिल सेक्युरिटिज लि.) | | १,००,००० | ९,१२,००,०००।- | ६५,७२२ | | ५,९९,३८,४६४ |
| २ | ९ | कुमारी क्यापिटल लि. | | ७५,००० | ६,८४,००,०००।- | ४९,२९१ | | ४,४९,५३,३९२ |
| ३ | १० | कुमारी इक्विटी फण्ड | | ९०,००० | ८,२०,८०,०००।- | ५९,१४९ | | ५,३९,४३,८८८ |
| ४ | ११ | कुमारी सुनौलो लगानी योजना | | ३५,००० | ३,१९,२०,०००।- | २३,००३ | | २,०९,७८,७३६ |
| ५ | १५ | सिद्धार्थ इक्विटी फण्ड | | ३०,००० | २,७३,६०,०००।- | १९,७१६ | | १,७९,८०,९९२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | १६ | सिद्धार्थ सिस्टमेटिक ईन्भेष्टमेन्ट स्किम | | १५,००० | १,३६,८०,०००।- | ९,८५८ | | ८९,९०,४९६ |
| ७ | १७ | सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम-३ | | ३०,००० | २,७३,६०,०००।- | १९,७१६ | | १,७९,८०,९९२ |
| ८ | १८ | सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्किम-२ | | ३०,००० | २,७३,६०,०००।- | १९,७१६ | | १,७९,८०,९९२ |
| ९ | १९ | सिद्धार्थ क्यापिटल लि. | | १०,००० | ९१,२०,०००।- | ६,५७२ | | ५९,९३,६६४ |
| १० | २४ | एस.आर हाईड्रो एण्ड इन्भेष्टमेण्ट प्रा.लि. | ९१२।- | ८७०० | ७९,३४,४००।- | ५,७१८ | ९१२।- | ५२,१४,८१६ |
| ११ | २६ | नेशनल फण्ड म्यानेजमेन्ट लि. | | १५,४,००० | १४,०४,४८,०००।- | १,०१,२१२ | | ९,२३,०५,३४४ |
| १२ | २९ | कुमारी धनवृद्धि योजना | | १,१५,००० | १०,४८,८०,०००।- | ७५,५८० | | ६,८९,२८,९६० |
| १३ | ३९ | गौरव नेपाल इन्भेष्टमेन्ट प्रा. लि. | | ६०,००० | ५,४७,२०,०००।- | ३९,४३३ | | ३,५९,६२,८९६ |
| १४ | ४१ | प्रभु क्यापिटल लि. | | १,५४,१२८ | १४,०५,६४,७३६।- | १,०१,२९५ | | ९,२३,८१,०४० |
| १५ | ४२ | प्रभु सेलेक्ट फण्ड | | ७६,७५५ | ७,००,००,५६०।- | ५०,४४५ | | ४,६०,०५,८४० |
| १६ | ४३ | प्रभु स्मार्ट फण्ड | | १,०९००० | ९,९४,०८,०००।- | ७१,६३७ | | ६,५३,३२,९४४ |
| १७ | ४४ | नेपाल लाइफ क्यापिटल लि. (साविक नेशनल मर्चेन्ट बैंकर लि.) | | ३०,००० | २,७३,६०,०००।- | १९,७१६ | | १,७९,८०,९९२ |
| १८ | ५१ | भेन्चर क्यापिटल प्रा.लि. | | ५०,००० | ४,५६,००,०००।- | ३२,८६१ | | २,९९,६९,२३२ |
| | | | | **११,७२,५८३** | **१,०६,९३,९५,६९६।-** | **७,७०,६४०** | | **७०,२८,२३,६८०** |

**ग.२३.** यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।

| क्र.सं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पवन कुमार गोल्याण | अध्यक्ष | |
| २ | श्री शशी कान्त अग्रवाल | सञ्चालक | |
| ३ | श्री अक्षय गोल्याण | प्रबन्ध सञ्चालक | |

### ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Global IME Capital Limited**

ग्लोबल आइएमई क्यापीटल लिमिटेड

GROW WITH US

59560
Regd No. 1067/064/065

पत्र संख्या : मर्चेण्ट बैंकिङ्ग/२०६६/०८०/८१ चलानी नं.: ८१३०

मिति : २०८१/०३/०२

श्री नेपाल धितोपत्र बोर्ड,
नियमन विभाग,
खुमलटार, ललितपुर ।

Global IME Capital Limited Kathmandu, Nepal

बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला वडा नं. २८, कमलादी गणेशस्थान, काठमाण्डौंमा रजिष्टर्ड कार्यालय रहेको श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) को उपदफा (१) बमोजिम बोलकबोल प्रणाली मार्फत आवेदन दिने योग्य संस्थागत लगानीकर्ताहरुलाई ७,७०,६४० (अक्षरेपी सात लाख सत्तरी हजार छ सय चालिस मात्र) कित्ता शेयर मिति २०८०/१०/१५ गते नेपाल स्टक एक्सचेञ्ज लि.मा बाँडफाँट गर्दा कट अफ मूल्य रु.९१२।०० निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम कट अफ मुल्यमा १० प्रतिशत छुट दिंदा कायम हुन आउने प्रति शेयर मूल्य रु.८२०।८० का दरले ११,५५,९६० (१९,२६,६०० कित्ताको ६०%) कित्ता शेयर निष्काशन तथा बिक्री प्रवन्धकले सेवा दिन हामी मञ्जुर गर्दछौं । प्राथमिक शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई निष्काशनकर्ता रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड तथा कम्पनीका सञ्चालकहरु, सञ्चालक समिति, सम्बन्धित निकायहरु, सो कम्पनीबाट नियुक्त गरिएका लेखापरिक्षक, विज्ञ तथा सञ्चालक समितिबाट अख्तियार प्राप्त अधिकारीबाट प्रमाणित गराई उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा निष्काशनकर्ता कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेपणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी विवरणपत्रमा समावेश गरी उपलब्ध गराइएको हदसम्म तथ्यगत, पूर्ण र सही देखिएको, साथै कम्पनी ऐन, २०६३ को दफा २४ मा भएको व्यवस्थाको अधिनमा रही कम्पनीको मिति २०८१/०३/०२ गते बसेको सञ्चालक समितिको बैठकले विवरणपत्रमा उल्लेखित विवरणको स्वामित्व ग्रहण गर्दै विवरणपत्रमा सहीछाप समेत गरेबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३", "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" र बुक विल्डिङ्ग निर्देशिका, २०७७ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक (बुक विल्डिङ्ग विधि मार्फत) शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरण-पत्र" तथा दरखास्त फारम सरल तरिकावाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डवाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :
ग्लोवल आइएमई क्यापिटल लिमिटेडको तर्फबाट
नाम : नलिना श्रेष्ठ
पद : ना. प्रमुख कार्यकारी अधिकृत

सही :
कार्यालयको छाप

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति, लगानी व्यवस्थापन र संस्थागत परामर्श), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था
P.O.Box No. 21599, 1st Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Ph.: +977-01-5970138, Fax: +977-01-4545702 | E-mail: info@gicl.com.np | Website: www.globalimecapital.com

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :–

S.A.R.
ASSOCIATES
CHARTERED ACCOUNTANTS

To
Board of Directors
Reliance Spinning Mills Ltd.
Kathmandu, Nepal

We have examined the projected financial statements of Reliance Spinning Mills Ltd. (the 'Company') for the period from Shrawan 2080 to Asadh 2085 in accordance with Nepal Standard on Assurance Engagement 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information, is the responsibility of the Management and has been approved by the Board of Directors of the company. Our responsibility is to examine the evidence supporting the assumptions (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval of public issue of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We have carried out our examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Date: 20th June 2024
Place of Signature: Kathmandu, Nepal

Aman Uprety
Partner

UDIN: 240625CA00451a3U3Y

T +977 1 4520807 / 08 / 10 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal

# छुट्टै खण्ड

## (क) नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | आ.व.०८२/८३ आश्विन मसान्त (अपरिष्कृत)* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.) | २४२।०५ | २२२।७९ | २५०।८० | २५४।८३ | २४३।८८ | २५१।३४ | २७७।६२ |
| प्रति शेयर नेटवर्थ (विद्युत महसुलको दायित्व गणना गर्नु पर्दाको अवस्थामा) (रु.) | | | | २१०।६९ | २०४।२१ | २११।६७ | २३७।९५ |
| प्रत्येक आय वर्ष प्रति शेयर आम्दानी (रु.) | ५४।३४ | ३।९५ | २७।८७ | १५।८४ | २६।३५ | २७।४५ | ४६।२८ |
| सञ्चितनाफा/नोक्सान (रु. हजारमा) | ५६,३६,७८०# | ५३,४५,६९६# | ५८,२३,८६०# | ५८,९२,७५०# | ७४,४१,९६०@ | ७५,८३,६०४@ | ८०,८२,९९७@ |

नोट : वित्तीय प्रतिवेदन NFRS अनुसार प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।

* आ.व. २०८२/०८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित भएको छ ।

#आर्थिक वर्षहरु क्रमश: ०७९/८० र ०८०/८१ र ०८१/८२ को वास्तविक तथा आ.व. ०८२/८३ को आश्विन मसान्तसम्मको अपरिष्कृत विवरणमा पुर्नमूल्याङ्कन जगेडा समावेश गरिएको।

@आर्थिक वर्षहरु क्रमश: ०८२/८३, ०८३/८४ र ०८४/८५ को प्रक्षेपित विवरणमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम सहितको विवरण समावेश गरिएको ।

## (ख) निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको **Issuer Rating** गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट **Issuer Rating** गराईएको र कम्पनीले **"[CARE-NP A – (Is)" [Single A Minus (Issuer)]" (Credit watch with developing Implications)** प्रमाणपत्र प्राप्त गरेको छ । **"[CARE-NP A – (Is)Æ [Single A Minus (Issuer)]"** ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AAA (Is)** देखि **CARE-NP D (Is)** सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा **"CARE-NP AAA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ५५ मा उल्लेख गरिएको छ ।

**Issuer Rating प्रदान गरेको शुरुको मिति** : २०७९/०८/२२ (तदनुसार डिसेम्बर ०८, २०२२)

**बहाल रहने अवधि:** २०८३/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२६)

## (ग) उद्योगको प्रस्तावित परियोजना (युनिट सी) को NPV, IRR, Payback Period, Discounted Period को गणना निम्नानुसार रहेको छ :

(रु. हजारमा)

| आर्थिक वर्ष | लगानी | कर पछिको आम्दानी | ह्रासकट्टी | व्याज | खुद नगद प्रवाह | सञ्चय नगद प्रवाह | PVF @ 7.00% | खूद नगद प्रवाह (छुट सहित) | सञ्चत नगद प्रवाह (छुट सहित) | लगानी फिर्ता गणना | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | (५,२५०,०००) | | | | (५,२५०,०००) | (५,२५०,०००) | १.०० | (५,२५०,०००) | (५,२५०,०००) | (५,२५०,०००) | | (५,२५०,०००) | |
| १ | | २७५,९४३ | २००,७२५ | १८७,१२६ | ६६३,७९४ | (४,५८६,२०६) | ०.९३ | ६१७,३२८ | (४,६३२,६७२) | ४७६,६६८ | (४,७७३,३३२) | ४४३,३०१ | (४,८०६,६९९) |
| २ | | २९०,१५१ | २८६,७५० | २८४,०७४ | ८६०,९७५ | (३,७२५,२३१) | ०.८७ | ७४९,०४८ | (३,८८३,६२४) | ५७६,९०१ | (४,१९६,४३१) | ५०१,९०४ | (४,३०४,७९५) |
| ३ | | ३३३,५८१ | २८६,७५० | २८५,९५९ | ९०६,२९० | (२,८१८,९४१) | ०.८२ | ७४३,१५८ | (३,१४०,४६६) | ६२०,३३१ | (३,५७६,१००) | ५०८,६७१ | (३,७९६,१२४) |
| ४ | | ३४७,५८८ | २८६,७५० | २६८,२१४ | ९०२,५५२ | (१,९१६,३८९) | ०.७६ | ६८५,९४० | (२,४५४,५२६) | ६३४,३३८ | (२,९४१,७६२) | ४८२,०९७ | (३,३१४,०२७) |
| ५ | | ३७७,२८७ | २८६,७५० | २३२,४६४ | ८९६,५०१ | (१,०१९,८८८) | ०.७१ | ६३६,५१६ | (१,८१८,०१०) | ६६४,०३७ | (२,२७७,७२५) | ४७१,४६६ | (२,८४२,५६१) |
| ६ | | ४१२,६२० | २८६,७५० | १९०,२१४ | ८८९,५८४ | (१३०,३०४) | ०.६७ | ५९६,०२१ | (१,२२१,९८९) | ६९९,३७० | (१,५७८,३५५) | ४६८,५७८ | (२,३७३,९८३) |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | ४५३,५६३ | २८६,७५० | १४१,४९० | ८८१,८०३ | ७५१,४९९ | ०.६२ | ५४६,७१८ | (६७५,२७१) | | ७४०,३१३ | (८३८,०४२) | ४५८,९९४ | (१,९१४,९८९) |
| ८ | | ४९७,२७५ | २८६,७५० | ८९,५४३ | ८७३,५६८ | १,६२५,०६७ | ०.५८ | ५०६,६६९ | (१६८,६०२) | | ७८४,०२५ | (५४,०१७) | ४५४,७३५ | (१,४६०,२५४) |
| ९ | | ५७५,५३६ | २८६,७५० | – | ८६२,२८६ | २,४८७,३५३ | ०.५४ | ४६५,६३४ | २९७,०३२ | | ८६२,२८६ | ८०८,२६९ | ४६५,६३४ | (९९४,६२०) |
| १० | | ५७५,५३६ | २८६,७५० | – | ८६२,२८६ | ३,३४९,६३९ | ०.५१ | ४३९,७६६ | ७३६,७९८ | | ८६२,२८६ | १,६७०,५५५ | ४३९,७६६ | (५५४,८५४) |
| ११ | | ५७५,५३६ | २८६,७५० | – | ८६२,२८६ | ४,२११,९२५ | ०.४८ | ४१३,८९७ | १,१५०,६९५ | | ८६२,२८६ | २,५३२,८४१ | ४१३,८९७ | (१४०,९५७) |
